नेपाल उद्योग वाणिज्य महासंघ, महिला उद्यमी विकास समिति

# राष्ट्रिय महिला उद्यमी सम्मेलनको प्रतिवेदन

२०८० फागुन ४ र ५ गते

लुम्बिनी प्रदेश, भैरहवा, नेपाल


FNCCI

**नेपाल उद्योग वाणिज्य महासंघ**

शहीदशुक्र एफएनसीसीआई मिलन मार्ग, टेकू, काठमाडौं

फोन नं: ५३६२२१८, ५३६२०६१, ५३६६८८५

E-mail: fncci@mos.com.np

## कार्यकारी सारांश

भाग १
नेपालमा महिला उद्यमशिलता
सम्मेलन सम्बन्धी जानकारी

भाग २
उद्घाटन सत्र र मन्तव्य

भाग ३
सामूहिक छलफल
पहिलो सत्र: महिला उद्यमशिलता नीति र नतिजा
दोस्रो सत्र: वित्तीय पहुँच
तेस्रो सत्र: बजार पहुँच
चौथो सत्र: प्रमुख सचिवसँग छलफल
पाँचौं सत्र: पर्यटनका सम्भावना र चुनौती
छैठौं सत्र: युवा महिला/स्टार्टअपका लागि गरिएका प्रयास साथै भएका व्यवस्था

भाग ४
समापन

भाग ५
निष्कर्ष तथा सुझावहरू

# कार्यकारी सारांश



नेपालका विभिन्न क्षेत्रमा रहेका महिला उद्यमी र सरोकारवालाहरूसँग उद्यमशिलता प्रवर्द्धन र विकासका विभिन्न विषयमा छलफल गर्न माघको पहिलो साता भैरहवाको सिद्धार्थनगरमा दुई दिने 'राष्ट्रिय महिला उद्यमी सम्मेलन–२०८०' आयोजना गरिएको थियो । 'महिला लगानी, घर–घरमा उद्यमी' भन्ने नारासहित नेपाल उद्योग वाणिज्य महासंघको महिला उद्यमी विकास समितिको अघुवाइमा नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश एवं सिद्धार्थ उद्योग वाणिज्य संघको समन्वयमा पहिलोपटक यस किसिमको सम्मेलन आयोजना भएको हो ।



सम्मेलनमा सातै प्रदेशका ७७ वटै जिल्लाको प्रतिनिधित्व गर्दै विभिन्न क्षेत्रका झन्डै २५० देखि ३०० महिला उद्यमीहरू सहभागी थिए । उनीहरूमध्ये कतिपयले आ-आफ्ना प्रदेशको विशेषता झल्किने वस्तु तथा सेवा प्रदर्शनीमा राखेका थिए। सम्मेलनमा प्रदेश तथा स्थानीय सरकारका प्रतिनिधि, नेपाल सरकारको महिला उद्यमशीलता क्षेत्रसँग सम्बन्धित रहेर काम गर्ने विभिन्न निकायका अधिकारी, नेपाल उद्योग वाणिज्य महासंघ र महिला उद्यम विकास समितिको नेतृत्व, चर्चित महिला उद्यमी र अन्य सरोकारवालाहरूको अर्थपूर्ण सहभागीता थियो ।

सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले महिला उद्यमलाई लागत, खर्च र आयसँग जोड्ने बेला भएको धारणा राखेका थिए । उनले गाउँका उद्यमलाई पनि शहरसँग जोड्नुपर्ने बताए। सम्मेलनमा महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले साना उद्योगीको प्रवर्द्धन, महिला उद्यमीको सशक्तीकरण र आर्थिक समृद्धिको प्रवर्द्धनसँगै दिगो व्यवसायका लागि सरकारले वातावरण तयार गर्नुपर्ने धारणा राखे । लुम्बिनी प्रदेश सरकारकी प्रमुख सचिव राधिका अर्यालले महिलाहरूका लागि उपलब्ध गराइएका छुट, सहुलियत र सुविधाहरू पर्याप्त नभएको बताइन् । उत्पादनकर्ता र उपभोक्ताबीचको दूरी घटाउन ठाउँ-ठाउँमा साना बजार, मेला वा विक्री केन्द्र खोल्न पहल थालेको उनले दाबी गरिन् ।

बुटवल उपमहानगका नगरप्रमुख खेलराज पाण्डेले एक घर एक सीप अभियानमार्फत प्रत्येक महिलालाई आर्थिक क्रियाकलापमा आबद्ध गराउन खोजिरहेको बताए । नेपाल उद्योग वाणिज्य महासंघ, लुम्बिनी प्रदेशका अध्यक्ष कृष्ण प्रसाद शर्माले देशको अर्थतन्त्रमा महिलाको योगदान अदृष्य रहनु दुःखद भएको आशय व्यक्त गरे भने महिला उद्यमी विकास समितिकी सभापती कमला श्रेष्ठले कतिपय



महिलाहरू अझै पनि आफ्ना व्यावसायकि कार्यभन्दा घरायसी जिम्मेवारी र हेरचाहमा लाग्नु महिला उद्यमशिलताको चुनौती भएको अभिव्यक्ती दिएकी थिइन् । महासंघका उपाध्यक्ष हेमराज ढकालले महिलाले सञ्चालन गरेका घरेलु मौलिक उत्पादनलाई बजारीकरण गर्न सके समृद्धि हासिल गर्न सहज हुने बताए ।




बिहान ९ देखि साँझ ५ बजेसम्म सञ्चालन भएको दुई दिने सम्मेलनलाई उद्घाटन सत्र समेत गरेर जम्माजम्मी ७ वटा सेशनमा बाँडिएको थियो । सामूहिक छलफल सत्रहरुमा महिला उद्यमीलाई व्यवसाय सञ्चालनका लागि आवश्यक नीतिगत व्यवस्थासँगै प्रक्रियागत सहजता, तालिम, पूँजी, प्रविधि, दक्ष जनशक्तिका सम्बन्धमा विद्यमान चुनौतीहरूबारे चर्चा गरिएको थियो । उत्पादनहरूको बजारीकरणमा प्रविधिको प्रयोगबारे जानकारी गराउनुका साथै युवा महिला एवं स्टार्टअपहरूलाई स्वदेशमा नै आत्मसम्मानका साथ उद्यम व्यवसाय संचालन गरेर देश विकासमा लगानी गर्न प्रोत्साहन गरिनु पर्ने बताइयो । उद्यमीहरूलाई सामाजिक सञ्जाल र डिजिटल मार्केटिङमार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसम्म पुग्न सकिने तरिकाबारे पनि जानकारी दिइएको थियो ।

महिला उद्यमशिलता प्रवर्द्धनका लागि विभिन्न प्रयासहरू अवलम्बन गरिनु सकारात्मक भए पनि नेपालमा महिला उद्यमशिलता अपेक्षित रूपमा सबल नहुनुमा विभिन्न नीतिगत र व्यावहारिक अड्चनहरू बाँकी नै रहेको पहिलो सत्रको निचोड थियो । सहुलियत कर्जा रोकिएको विषयमा वित्तीय पहुँचसम्बन्धी सम्मेलनको दोस्रो सत्रमा धेरैले चासो राखे । पराम्परागत रूपमा पितृसत्तात्मक मान्यता राख्ने नेपाली समाजमा महिलाले सम्पत्तीमा पहुँच राख्ने विषयलाई लामो समयसम्म गौड महत्व दिइएकोमा पछिल्लो समय महिलाहरू ‘आमा समूह’, ‘महिला समूह’ जस्ता संस्थाहरूमार्फत समाजमा आर्थिक क्रियाकलाप सञ्चालन गर्न र उत्पादनमुखी कार्यमा लाग्नु आर्थिक विकासका हिसाबले प्रशंसनीय कार्य भएको यस सत्रमा उल्लेख गरिएको थियो ।

स्वरोजगार र उद्यमशिलताको क्षेत्रमा महिलाहरूको लगाव बढेसँगै विभिन्न किसमका पसल खोल्ने, स्टार्टअप कार्यक्रम सुरु गर्नेदेखि नविनतमा पहलमार्फत व्यवसाय सञ्चालन गर्न अग्रसर देखिन्छन्।

तथापी, आफ्ना वस्तु तथा सेवाको आवश्यक प्रवर्द्धन र बजार विस्तार, निर्यातका सन्दर्भमा महिला उद्यमीहरूले नीतिगत र व्यावहारिक अड्चन खेप्दै आएकोबारे सम्मेलनको तेस्रो सत्रमा विमर्श गरिएको थियो । बजारीकरण र ब्रान्डिङसम्बन्धी तालिमसँगै महिला उद्यमीहरूको डिजिटल साक्षरता र प्रविधिमा पहुँच बढाउन विभिन्न सचेतनामूलक र सीप विकास तालिम आवश्यक रहेको औंल्याइयो । नेपालमा होटेल, रिसोर्ट, ट्राभल एजेन्सी, ट्रेकिङ एजेन्सी, पर्वतारोहण एजेन्सी, पाराग्लाइडिङ लगायत सेवा दिनेदेखि ग्रामीण पर्यटनमा होमस्टे सञ्चालन र व्यवस्थापनसम्मका काम गरिरहेका महिलाहरू व्यवसायीहरूको कामको कदर हुनुपर्ने सम्मेलनको चौथो सत्रमा सुझाव दिइयो ।

सम्मेलनको पाँचौं तथा अन्तिम सत्र 'युवा महिला स्टार्टअपका लागि गरिएका प्रयास साथै भएका व्यवस्थाहरू' मा विशेषत: सरकारले यस वर्षका लागि विनियोजन गरेको २५ करोड रुपैयाँको स्टार्टअप कर्जासँगै, उद्यमशिल सोचलाई व्यवसायमा रुपान्तरण गर्न काठमाडौंमा खोलिने इन्क्युबेसन सेन्टर, भेन्चर क्यापिटल र प्राइभेट इक्विटी फण्डजस्ता कार्यक्रमबारे जानकारी आदनप्रदान गरिएको थियो । स्टार्टअप उद्यममा पुरुषहरू बढी सक्रिय देखिएकाले महिलालाई थप प्रोत्साहन गर्नु आवश्यक रहेको सहभागीहरूको भनाइ थियो । यसका लागि स्टार्टअप कार्यविधि र नीतिमा विशेष व्यवस्था भइदिए सहज हुने उनीहरूले सुझाव दिए । महिला उद्यमी व्यवसायीका प्रमुख समस्याहरूका साथै समस्या समाधानका लागि हुनुपर्ने व्यवस्था; औद्योगिक व्यवसाय ऐन, औद्योगिक नीति, बजेट, महिला उद्यमीलाई प्रदान गरिएको सहुलियत लगायत सम्बन्धित नीति, ऐनहरूमा भएका व्यवस्था र कार्यान्वयनको स्थिति, कर तथा राजश्व सम्बन्धि नीति तथा ऐनमा भएका व्यवस्था, बैंक तथा वित्तिय संस्थाहरुले उपलब्ध गराएका सेवा सुविधा समेतका विषयमा छलफल र अन्तरक्रिया भएका थिए ।

छलफल, प्रस्तुतीकरण र अन्तरक्रियाका क्रममा महिलाहरुबाट संचालित उद्योग व्यवसायसँग सम्बन्धित नीतिगत एवं प्रक्रियागत व्यवस्थाहरुबारे जानकारी गराइएको थियो । त्यस्तै, सफल महिला उद्यमीहरूका प्रेरणादायी भनाइ र सफलताका कथाले आफ्नो उद्यम अझै बढाउने हौसला मिलेको कतिपय सहभागीहरूको भनाइ थियो । आफूहरूलाई बजारीकरणमा प्रविधिको प्रयोगबारे धेरै जानकारी भएको, एक–आपसको उत्पादन र व्यवसायसम्बन्धी धेरै कुरा थाहा भएको, व्यवसाय प्रवर्द्धन गर्न अझै नयाँ उपायहरू सिकेको, आफ्ना उत्पादित वस्तुको उत्पादकत्वका साथै गुणस्तर बृद्धि गर्नुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजार विस्तार गर्नेबारे थाहा पाएको समेत उनीहरुले बताए ।सम्मेलनको समापन सत्रमा दस बुँदे निष्कर्ष पत्र पारित गरिएको थियो ।

# भाग १
# नेपालमा महिला उद्यमशिलता

नेपालको संविधान २०७२ ले राजनीतिक, सांस्कृतिक, सामाजिक र आर्थिक सबै निकाय र कृयाकलापहरूमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता र समान अवसरको प्रत्याभूती गरेको छ । महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा लगायत क्षेत्रमा सकारात्मक विभेदका आधारमा विशेष अवसरको हकसँगै सम्पत्ती र आयआर्जनमा पनि प्रोत्साहनको नीति लिएको छ । २०७२ सालमा संविधान लागू हुनुभन्दा अघि र त्यसयता बन्दै आएका विभिन्न नीति, ऐन, निर्देशिका, कार्यविधि र परियोजनाहरूले पनि महिला सहभागिता वृद्धि गर्न सघाउने किसिमका व्यवस्थाहरू अघि सार्दै आएको देखिन्छ।

यिनै कुरालाई मध्यनजर गर्दै नेपाल सरकार, गैरसरकारी संस्था, नागरिक समाज, व्यावसायिक संस्था र समुदायहरूको बीचमा विभिन्न समन्वय र साझेदारीका प्रयासमार्फत वित्तीय कृयाकलाप र उद्यमशिलता क्षेत्रमा महिला स्वामित्व र सकृयता बढाउन नीतिगत र कार्यगत सुधारका प्रयास भएका छन् । औद्योगिक नीति, २०६७, आर्थिक ऐन, औद्योगिक व्यवसाय ऐन, २०७६, औद्योगिक व्यवसाय नियमावली, २०७८, स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८० सँगै आयकर ऐन लगायतका विभिन्न कानूनी दस्तावेजहरूमा महिला उद्यमशिलता बढाउने प्रावधानहरू थप गरिंदै लगिएको छ । साथै, राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०८० को मस्यौदा, उद्यम सम्बर्द्धन केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० को मस्यौदा, लघु, घरेलु तथा साना उद्योग प्रबर्द्धन नीति २०८० को मस्यौदा, लैंगिक समानता कार्यविधी, २०८० समेत नयाँ तर्जुमा हुने क्रममा रहेका विभिन्न नीतिहरूमा पनि उद्यम क्षेत्रमा महिला सक्रियता प्रवर्द्धन गर्ने किसिमका व्यवस्था छन् । नेपाल उद्योग वाणिज्य महासंघजस्तो उद्यमी व्यवसायीहरूको साझा संगठनले यस्ता नीति तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयनमा अग्रणी भूमिका निभाउँदै आएको छ ।

देशभरका उद्योगी व्यवसायीहरूको छाता संस्था उद्योग वाणिज्य महासंघमा १२१ जिल्ला तथा नगर उद्योग वाणिज्य संघ, १२३ वस्तुगत संघ, २० वटा द्विराष्ट्रिय उद्योग वाणिज्य संघ र १७६२ औद्योगिक एवं व्यापारिक प्रतिष्ठानहरू सदस्य रहेका छन् । महासंघले उद्योग व्यवसायको विकास, विस्तार एवं प्रवर्द्धनका लागि आर्थिक नीतिहरूमा सरकारसँग बहस गर्ने, निजी क्षेत्रको हकहित संरक्षण गर्नुका साथै अन्तर्राष्ट्रिय स्तरमा व्यवसाय विस्तार गरी लगानी भित्र्याउन सहजीकरण गर्ने र उद्यम क्षेत्रलाई उत्पादनमुखी र समावेसी बनाउने कार्यको नेतृत्व गर्दै आएको छ । महासंघको विधानमा सबै प्रदेशमा प्रदेश उद्योग वाणिज्य महासंघ र १७ समिति एवं पाँच फोरमको व्यवस्था गरिएको छ । यीमध्ये महिला उद्यमी विकास समिति एक हो जसले महासंघको उद्देश्यअनुरुप महिला उद्यमशीलता विकासमा अग्रणी रहेर सक्रियता देखाउँदै आएको छ।

महिला उद्यमशीलताको विकासले समाजमा व्याप्त लैंगिक विभेद न्यूनिकरण गर्न, महिला हिंसालाई निरूत्साहित गर्न, थप र समावेसी रोजगारीको सिर्जना गर्न, स्थानीय तथा मोफसलका समुदायको आर्थिक अवस्था मजबुत बनाई समग्र देशको आर्थिक विकासमा टेवा पुर्याउनमा ठूलो सहयोग पुर्याउँछ । क्रमश: बढ्दो र डिजिटल हुँदै गएको आर्थिक क्षेत्रको बृद्धिका कारण महिलाहरू आर्थिक उपार्जनका क्रियाकलापमा समावेश नभई सबल र आत्मनिर्भर हुन सक्दैनन् । महिला उद्यमशिलताको विषय रोजगारी, आर्थिक वृद्वृधि वा जिविकोपार्जनसँग मात्रै नजोडि समानता र समन्यायिक समाज निर्माणका लागि पनि आवश्यक छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले २०७५ सालमा गरेको राष्ट्रिय आर्थिक गणना अनुसार देशभर २,४७,८८० जना महिलाहरुले आफ्नो स्वामित्वमा उद्यम व्यवसाय संचालन गरेका छन्, यो २९.८ प्रतिशत हो, जसमा करिव ५ लाखलाई रोजगारी प्रदान गरेका छन् । यसैगरी २,७३,४३६ जना महिलाहरूले व्यवस्थापकिय भूमिका निर्वाह गरेका छन्, यो २९.६१ प्रतिशत हो । औद्योगिक उत्पानदन क्षेत्रमा आबद्ध महिला जनशक्तीको संख्या १,३२,८४५ अर्थात ४.११ प्रतिशत छ । त्यस्तै, राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा करिव ६१.३ प्रतिशत महिलाहरु आर्थिक क्रियाकलापमा संलग्न छन् । महिलाहरुको यो वित्तीय सक्रियता र उद्यम अझै बढाउन सके नेपालको अर्थतन्त्र आत्मनिर्भर बन्ने दिशामा अगाडि बढ्ने कुरालाई नकार्न सकिँदैन ।

सरकारले राष्ट्रिय महिला आयोग, उद्योग वाणिज्य महासंघसँगै विभिन्न प्रदेश सरकारसँग मिलेर नीतिगत सुधार, कानून संशोधन, आरक्षणको व्यवस्था लगायत उद्यमशील महिलाहरूको लागि ऋण

र अनुदान समेतका सुविधा प्रदानको पहल गर्ने गरेको छ । उद्योगी व्यवसायीको संस्थाका रूपमा महासंघले नीतिगत सुधार, परियोजना निर्माण, सहजीकरण, कार्यान्वयनसँगै महिला उद्यमीले भोग्नुपरेका चुनौतीको संबोधन र समस्याका समाधानको पहल गर्ने गरेको छ। अन्तराष्ट्रिय विकास साझेदारहरूले पनि विभिन्न द्वीदेशिय समेतका परियोजना मार्फत महिला उद्यमशीलताको प्रवर्द्धनमा जोड दिंदै आएका छन् । नेपाल सरकारले आँफै पनि संयुक्त राष्ट्रसंघसँगको साझेदारीमा महिला उद्यमशीलता बढाउन मद्धत गर्ने परियोजना र विभिन्न आर्थिक तथा व्यवसायिक कार्यक्रम र परियोजनाहरूमा पनि महिला उद्यमशीलता बढाउने कृयाकलापहरू समावेश गर्दै आएको छ । पछिल्ला जनगणना र आर्थिक सर्वेक्षणहरूले आर्थिक्र व्यवसायिक गतिविधिसँगै सम्पत्ती र उद्यमशीलताको स्वामित्वमा महिलाको संख्या बढेको देखाउनुका कारणमध्ये एक सरकारी र गैह्रसरकारी संस्थाहरूको प्रयत्नलाई मान्न सकिन्छ ।

यति हुँदाहुँदै पनि विविध आर्थिक, सामाजिक र राजनीतिक कारणहरूले नेपालमा महिला उद्यमशीलता आशातीत रूपमा परिणाम ल्याउन नसकेको विभिन्न प्रतिवेदन र खोजहरूले देखाउने गरेका छन् । भौगोलिक र सामाजिक परम्पराका कारण निम्तिने अवरोध र सीमितता, आर्थिक स्रोतको वितरणमा व्याप्त जटिलताजस्ता कारणहरूले उद्यमशील महिलाहरूको चुनौती पनि बढ्दै गएको प्रतिवेदनहरूले देखाएका छन् । सन् २०२० मा विश्व बैंकले प्रकासित गरेको महिला, व्यवसाय र कानून शीर्षकको प्रतिवेदनमा नेपाली महिलाहरूले सम्पत्तिको अधिकार र अस्थिरता समेतका कानूनी र अन्य अवरोधहरूको सामना गर्दै आएका छन् ।

यस्तै, सन् २०१८ मा अन्तर्राष्ट्रिय श्रम संगठनले प्रकासित गरेको दक्षिण एसियामा महिला उद्यमशीलता शीर्षकको प्रतिवेदनमा नेपालका महिला उद्यमीहरूले सीपको अन्तर र सम्पत्तिको अधिकारमा असमान पहुँच लगायत चुनौतीहरूका कारण नेपाली महिला उद्यमीहरू कम आम्दानी र आर्थिक प्रगतिको सीमितता भएका अनौपचारिक क्षेत्रमा बढी सकृय रहेको उल्लेख गरेको थियो । यस्तै, युएन वुमनले सन् २०२१ मा सार्वजनिक गरेको नेपाल प्रतिवेदनमा लैंगिक भेदभाव कम गर्न अत्यन्तै महत्वपूर्ण रहेको महिला उद्यमशीलता क्षेत्रमा कोभिड–१९ महामारीजस्ता पछिल्ला घटनाक्रमले व्यापक समस्या ल्याएको जनाएको छ ।

उल्लिखित सबै प्रतिवेदन र दिनहुँ पढ्न सकिने समाचार, अन्तर्वार्ता र लेखहरूले के संकेत गर्छन् भने नेपालमा महिला उद्यमशीलताको केही हदसम्म प्रवर्द्धन र उत्थान देखिएको भए पनि चुनौती र समस्या बढ्दो क्रममा छन् । सरकार र सरोकारवालाहरूका पहलले केही सकारात्मक परिणाम देखिएका भए पनि कर्मचारीतन्त्र र झन्झटिलो नियमन प्रकृयाले दिलाउने असहजता, समाज र नीती–नियममा व्याप्त लैङ्गिक रूढिवाद, भौतिक र डिजिटल पूर्वाधारको अभाव, आर्थिक श्रोतमा निर्णय लिने अधिकार, बजार र आर्थिक–सामाजिक संरचनामा सीमित पहुँचले महिलाहरूलाई हतोत्साही बनाउने गरेको देखिएको छ । सरोकारवालाहरूका पहल र परियोजनाहरूबीच रहने गरेको समन्वयको कमी, नीतिगत सुधारका बहसमा महिला सहभागिताको कमजोर स्थिती र तथ्यांकमा आधारित कार्यक्रमहरूको अभावले पनि नेपाली महिला उद्यमीहरू पलायन हुने र उद्यमबाट पलायन हुने अवस्था देखिएको उनीहरूले बताउँदै आएका छन् । यो स्थितीलाई कम गर्न सरकार, उद्योग वाणिज्य महासंघ समेत सरोकारवाला र सम्बद्ध सबै क्षेत्रले महिला उद्यम सम्बन्धी काम गर्ने संस्थाहरूको संस्थागत सबलीकरण, नीतिगत र व्यवहारिक सुधारको प्रयत्न, महिला उद्यमशीलता बढाउन लगानी र लक्षित कार्यक्रमहरूसँगै महिला उद्यमलाई प्रोत्साहित गर्ने र लगानी बढाउने गरी सामाजिक संरचनामा सुधार आवश्यक रहेको जानकारहरूको राय छ ।

## राष्ट्रिय महिला उद्यमी सम्मेलन, २०८०:

महासंघले आफू अन्तर्गतको महिला उद्यमी विकास समितिको अगुवाइमा वर्ष २०७९ देखि वार्षिक रूपमा राष्ट्रिय महिला उद्यमी सम्मेलनको आयोजना गर्न शुरू गरेको हो । यसपाली पहिलोपटक संघीय राजधानीबाहिर प्रदेश तहमा सम्मलेन आयोजना गरिएकोमा महिला उद्यमीहरूको सक्रियतापूर्ण सहभागीता रहेको देखियो । सम्मेलनमा उद्यम व्यवसाय सञ्चालनका लागि आवश्यक नीतिगत व्यवस्थासँगै प्रक्रियागत सहजता, तालिम, पूँजी, प्रविधि, दक्ष जनशक्ति र बजारीकरणका विद्यमान अवस्था, चुनौती र सम्भावनाहरू चर्चा भएको थियो।



साथै, थोरै पूँजी लगानीबाटै स्थानीय स्रोत–साधनको परिचालन गरी व्यवसाय सञ्चालन गर्न सकिने भएकोले महिला उद्यमी एवं लघु, घरेलु तथा साना उद्योगबाट ठूलो आर्थिक उन्नतिको सम्भावना रहेको सहभागी वक्ताहरूले औंल्याएका थिए । महिलाहरूद्वारा संचालित उद्योग व्यवसायसँग सम्बन्धित नीतिगत एवं प्रक्रियागत व्यवस्थाहरूका साथै यी व्यवस्थाहरुको कार्यान्वयन स्थितिबारे जानकारी गराउने, महिला उद्यमीहरूले सामना गर्नु परेका समसामयिक समस्याहरुको पहिचान गर्नुका साथै ती समस्याहरूको समाधानका लागि हुनुपर्ने व्यवस्थाहरुबारे छलफल गर्न सम्मेलन आयोजना गरिएको थियो ।

पर्याप्त विकासका सम्भावना हुँदाहुँदै पनि महिलाहरूबाट संचालित उद्योग व्यवसायहरूले समय सापेक्ष गति लिन नसकिरहेको परिप्रेक्ष्यमा सरकारले यस्ता उद्योग व्यवसायका लागि आवश्यक नीतिगत एवं प्रक्रियागत व्यवस्था, यसको कार्यान्वयन पक्षका साथै सरकारले उपलब्ध गराएका सेवा सुविधाबारे जानकारी गराउन सकेमा महिला उद्यमीको आत्मविश्वास बढ्ने विश्वाससहित सम्मेनल आयोजना गरिएको थियो । साथै बढ्दो क्रममा विदेश पलायन भइरहेका युवा महिला एवं स्टार्टअपहरुलाई स्वदेशमा नै आत्मसम्मानका साथ उद्यम व्यवसाय संचालन गरी देश विकासमा लगानी गर्न प्रोत्साहित गराउनुसमेत सम्मेलनको उदेश्य रहेको थियो ।



सम्मेलनमा महिला उद्यमी व्यवसायीहरूका प्रमुख समस्या पहिचान गर्नुका साथै समस्या समाधानका लागि हुनुपर्ने व्यवस्थाहरुबारे निजी क्षेत्रका प्रतिनिधिले प्रस्तुतिकरण गरेका थिए। औद्योगिक व्यवसाय ऐन, औद्योगिक नीति, बजेट, महिला उद्यमीलाई प्रदान गरिएको सहुलियत लगायत सम्बन्धित नीति, ऐनहरुमा भएका व्यवस्था र कार्यान्वयनको स्थितिकाबारे सरकारका तर्फबाट पनि प्रस्तुतिकरण गरियो । कर तथा राजश्वसम्बन्धि नीति तथा ऐनमा भएका व्यवस्थासँगै बैंक तथा वित्तिय संस्थाहरुले उपलब्ध गराएका सेवा सुविधाहरुबारे पनि जानकारी गराइयो । बजारीकरणमा प्रविधिको प्रयोगबारे उल्लेख गरियो । उद्यमशीलता क्षेत्रमा प्राप्त अनुभव, मेहेनत, लगनशीलता एवं संघर्षका बाबजुद प्राप्त गरेको सफलताका कथा सम्मेलनको रोचक पाटो रह्यो । युवा महिला एवं स्टार्टअपहरूलाई प्रोत्साहित गर्ने विषयमा विज्ञहरूले धारणा राखे ।

**भैरहवामा आयोजित दुई दिने महिला उद्यमी सम्मेलनमा देशभरीबाट आउनुभएका उद्यमी महिला, विज्ञ, सरकारी अधिकारी, राजनीतिक नेतृत्व र महासंघ नेतृत्वले राख्नुभएका विचारका आधारमा अहिले महिला उद्यमीले भोग्नुपरेका मुख्य समस्यालाई निम्न बुँदाहरूमा प्रस्तुत गर्न सकिन्छः**



**१) सामाजिक रूढिवादी सोच र समाजमा व्याप्त लैङ्गिक भूमिकाको असमान व्याख्या:** पारिवारिक र सामाजिक मान्यताका हिसाबले घरधन्दा, खेतीपाती र बालबच्चा हुर्काउने भन्ने परम्परागत हिसाबले अर्थ्याइने महिलाको भूमिका पछिल्ला दिनमा फेरिन थालेको भए पनि उद्यममा लाग्न खोज्ने महिलाका लागि लैङ्गिक भूमिकाको यो रूढेवादी व्याख्या अझै अवरोध बन्ने गरेको छ । घरबाट बाहिर निस्केर उद्यम गर्न खोज्ने कतिपय महिलाले अझै पनि प्रश्न र आलोचनाको शिकार बन्नुपर्ने स्थिती छ भने कुनै उद्यम व्यवसायको नेतृत्वमा महिला पुग्दा खसाल्ने, होच्याउने र पखाल्ने चलन पूर्णरूपमा गएको छैन । धेरै महिलाहरूलाई आफ्नै उद्यममा अघि बढ्न यस्ता सामाजिक हेपाइ बाधक बन्नेगरेको सहभागीहरूको तर्क थियो ।

**२) झन्झटिलो र निरूत्साहित गर्ने किसिमको दर्ता र व्यवसाय संचालन प्रकृया, सुस्त कर्मचारीतन्त्र, उद्यममैत्री नीतिको अभाव:** नेपालमा अहिले उपलब्ध रहेका व्यवसाय संचालन, नवीकरण, दर्ता तथा उद्यमसम्बन्धी पूर्वाधार स्थापनाका लागि आवश्यक प्रकृया अस्पष्ट, झर्कोलाग्दो, लामो र झन्झटिलो भएको उद्यमीहरूको गुनासो थियो । कर्मचारी तन्त्रको सुस्तता, उद्यम गर्न खोज्नेलाई प्रोत्साहन गर्नुको साटो अल्झाउने किसिमका नीतिहरूले पनि उद्यमीहरूको मनोबल खस्केका उदाहरणहरू कार्यक्रममा पेश भएका थिए । देशमा आफ्नै उद्यम चलाउँछु र केहीलाई रोजगारी समेत दिएर अर्थतन्त्रमा सघाउँछु भन्ने महिलाहरूलाई सहजीकरण र सघाउने किसिमका नीति र कार्यक्रम आउनुको साटो प्रश्न र प्रकृया थप्ने वातावरणले पनि उद्यमीहरू पलायन वा उद्यम शुरू नै नगर्ने देखिएको सहभागीहरूको भनाइ थियो ।

**३) लगानी र आम्दानीका श्रोतमाथिको भेदभावमूलक पहुँच:** महिला उद्यमीहरूका लागि अर्को तगारो बन्दै आएको पक्ष श्रोतमाथिको पहुँचमा असमानता पनि एक हो । बैंक तथा वित्तीय संस्था, लगानीकर्ता र उद्यम प्रवर्द्धन गर्ने सरकारी कार्यक्रमहरूले पनि महिलाद्वारा संचालित आइडियामा लगानी गर्न नाक खुम्च्याउने र आनाकानी गर्ने अवस्था अझै विद्यमान रहेको अवस्था एकातिर छ भने अर्कोतिर पैतृक र अन्य आम्दानीका श्रोत परिचालन र व्यवस्थापनमा पनि महिलाले कम प्राथमिकता पाउने गरेको निष्कर्ष सहभागीहरूको थियो । संघीय, प्रदेश र स्थानीय तहमा संचालन हुने उद्यम सम्बन्धी कार्यक्रम र अभियानहरूमा पनि मुख्यतया पुरुष उद्यमीहरूले नै प्राथमिकता पाउने अवस्था रहेको उद्यमीहरूको अनुभव थियो।

**४) डिजिटल र भौतिक पूर्वाधार व्यवस्थापनको चुनौती:** पछिल्लो वर्षहरूमा स्थानीय र राष्ट्रिय स्तरका महिला उद्यमीहरूको ठुलो चुनौती बनेर अगाडि आएको बिषय डिजिटल र भौतिक पूर्वाधारहरूको व्यवस्थापना पनि रहेको छ । बढ्दो घरजग्गा र पूर्वाधार निर्माणको खर्चसँगै डिजिटल पूर्वाधार स्थापना र व्यवस्थापनको समस्या पनि महिला उद्यमीहरूको टाउको दुखाइ बनेको उनीहरूको गुनासो छ । विशेषगरी काठमाडौं बाहिर उद्यम गर्ने र वस्तु तथा सेवा बिक्री गर्ने महिलाहरूलाई वेबसाइट, एप, सामाजिक संजालमा उपस्थिती देखाउनु पर्नाले उनीहरूलाइ अतिरिक्त काम सिर्जना गरेको छ भने यसले प्रतिलिपी अधिकारको उल्लंघन र माग बढ्नेबित्तिकै नक्कली सामानको बिगबिगीले सताउने पनि उद्यमीहरूको चिन्ता छ ।

**५) बढ्दो जनशक्ति पलायन र अवसरहरूको सिमितता:** महिला उद्यमीहरूको सबैभन्दा गहिरो चिन्ता तीव्र गतिमा भइरहेको जनशक्ति पलायन र अवसरहरूको सीमितताबारे रहेको थियो । देशमा केही गरौं भन्नुपर्ने युवा जनशक्ति हाइस्कुलकै उमेरमा पलायन हुने र नफर्किने परीपाटीले एक त उद्यमीहरूकै संख्या घट्दै गएको र वस्तु तथा सेवाको माग ओरालो लाग्नुका साथै काम गर्ने जनशक्ति पाउन गाह्रो रहेको उनीहरूको अनुभव थियो । देशमा अत्यन्तै सीमित संख्यामा रहेका अवसरहरू र महिला उद्यमीका लागि झनै कम हुने उद्यमका विकल्पले पनि यस्तो पलायनमा थप बल पुगेको र साना तथा माझौला उद्यमीहरू मारमा पर्दै गएको धारणा कार्यक्रममा व्यक्त भएको थियो ।

**६) महिला उद्यम क्षेत्रमा काम गर्ने संस्था र निकायहरूबीच समन्वयको अभाव:** महासंघका प्रतिनिधि, सरकारी अधिकारी, उद्यम विज्ञ र महिला उद्यमी सबैले साझा रूपमा उठाएको विषय उद्यमशिलता बढाउने कार्यक्रम, परियोजना, निकाय र संस्थाहरू बीचको समन्वयको अभाव थियो। आफ्ना–आफ्नै हिसाबले परियोजना तथा कार्यक्रम निर्माण, एकअर्काको कृयाकलापको नक्कल, उचित अनुगमन, मूल्यांकन र सिकाइ सत्रहरूको अभाव, आपसी छलफलको कमी लगायत कारणले राम्रै नियतले अघि सारिएका कार्यक्रमहरू पनि आशातीत सफल नहुने परीपाटी देखिएको सहभागीहरूको विचार थियो । साथसाथै समन्वयकै कमीले स्थानीयको स्वामित्व हुने, महिला उद्यमीहरू माझ कम प्रभावकारी हुने, परियोजना निर्माण र कार्यक्रम निर्धारणमा आपसी छलफलको कमीसँगै एकअर्काको पहलमा सघाउ पुग्नेगरी कृयाकलाप र अभियान नबन्नुले प्रभावकारिता कम हुन गएको उनीहरूको तर्क थियो ।

**७) कानूनी र नीतिगत अस्पष्टता, नियमन वा प्रवर्द्धनमुखी भन्दा पनि नियन्त्रणमुखी दृष्टिकोण:** उद्यमी सम्मेलनका सहभागीहरूले अत्यन्तै प्राथमिकतापूर्वक उठाएको विषय अस्पष्ट कानूनी र नीतिगत व्यवस्था रहेको थियो । उनीहरूले सैद्धान्तिक रूपमा समावेसी भनिए पनि नेपालका कतिपय कानूनी र नीतिगत प्रावधानहरू महिला उद्यमीलाई सघाउने भन्दा पनि भ्रमित पार्ने र अल्झाउने किसिमको हुने भन्दै आलोचना गरे । साथै उद्यमीहरूले नेपाल सरकारको समग्र सोचाइ पनि नियमन र सहजीकरणतर्फ सोच्ने भन्दा बरू नियन्त्रण गर्न खोज्ने किसिमको देखिने र महिला उद्यमीहरूका सन्दर्भमा त्यो झनै गहिरो रहेको जिकिर पनि गरेका थिए । विभिन्न सफल असफल उद्यमको उदाहरण दिंदै सहभागीले कुनै नयाँ उद्यम आउनेबित्तिकै त्यसलाई कसरी कस्ने भन्ने सरकारी र कर्मचारीतन्त्रको सोचाइ छौन्जेल महिला मात्रा नभइ कुनैपनि उद्यम विकास नहुने राय व्यक्त गरे ।

**८) काठमाडौं बाहिरका, पिछडिएका र विपन्न वर्गका महिला उद्यमीले भोग्नुपर्ने थप विभेद:** दस्तावेजहरूमा समावेसिता, पिछडिएकालाई प्राथमिकता र विपन्न वर्गको उथानजस्ता सिद्दान्त भरपूर सुनिने भए पनि महिला उद्यमीहरूले भोग्नुपर्ने विभिन्न थरीका विभेद अझै विद्यमान रहेको सहभागीहरूको अनुभव थियो । अझ महिला उद्यमी काठमाडौं बाहिरको वा पिछडिएको विपन्न क्षेत्रको हुँदा दोहोरो वा तेहेरो भेदभाव र निरूत्साहनको सामना गर्नुपर्ने मात्रै नभएर बजार र अवसरमा पहुँच समेत कम हुने तर्क गरेका सहभागीहरूले ग्रामीण क्षेत्रमा कृषि वा उत्पादन क्षेत्रमा संलग्न महिला उद्यमीलाई सहयोग र सद्भावको थप खाँचो रहेको बताए ।

**९) बजार, श्रोत, कच्चा पदार्थको पहुँचमा व्याप्त समस्या:** नेपालका महिला उद्यमीले निरन्तर भोग्नुपर्ने अर्को समस्या उत्पादनमूलक उद्यमका लागि आवश्यक श्रोतको पहुँचमा रहेका कठीनाइहरू हुन् । सहभागीहरूका अनुसार कच्चा पदार्थ र उत्पादनको बजार बिस्तार केही हदसम्म सहज भएको भए पनि महिला उद्यमीका लागि यी पक्षमा अझै अवरोधहरू रहेका छन् । उद्यमका लागि श्रोत जुटाउने र कुनै उद्यम चलिसकेपछि त्यसलाई कायम राख्ने चुनौतीका कारण पनि महिलाहरू निरूत्साहित हुने गरेको देखिन्छ ।

**१०) परम्परागत र पारिवारीक उद्यम अघि बढाउनका चुनौती:** नेपालमा महिला उद्यमको अर्को प्रमुख पाटो पारिवारिक रूपमा वा परम्परागत पेशाकै रूपमा गरिंदै आएको व्यवसायलाई जारी राख्नु र उद्यमका रूपमा अघि बढाउनु पनि हो । पारम्परिक र आधुनिक उद्यमबीचको मिश्रणका रूपमा गरिनुपर्ने यस्ता पेशालाई महिला उदमशीलताका रूपमा अघि बढाउनु आर्थिक र सामाजिक दुबै हिसाबले चुनौतीपूर्ण रहेको महिला उद्यमीहरू बताउँछन् । यस्ता पेशालाई आधुनिकीकरण गर्नमा सहजता र ग्लेमर दुबै नभएको र परम्परागत रूपमै छोड्दा आर्थिक रूपमा प्रतिफल राम्रो नहुने भएपछि धेरैले पलायनको बाटो रोजेको देखिएको छ ।

**११) शीप विकास, क्षमता सबलीकरणका अवसरको सीमितता:** धेरै महिला उद्यमीले निरन्तर जोड दिने अर्को विषय ब्रिती बिकासका अवसरहरूको सीमितता र ती सीमित अवसर समेत काठमाडौंजस्ता शहरी ईलाकामा केन्द्रीत हुनुरहेको बताउने गरेका छन् । आफ्नै हिसाबले साना र मझौला उद्यम गर्दै आएका कतिपय महिला उद्यमीमा आफ्नो कामको जानकारी भएपनि बजार व्यवस्थापन, ब्रान्डिङ, नेतृत्व क्षमता समेत आफ्ना कामसँग सम्बन्धित विविध शीप तथा क्षमता सबलीकरणका अवसरको उपलब्धता नहुँदा संभावना अनुरूप प्रगति हुन नसकेको अनुभव उनीहरूको थियो । ब्रित्ती बिकासका अवसर काठमाडौं बाहिर पनि जानुपर्ने र स्थानीय तथा प्रदेश सरकारहरूले त्यस्को अपनत्व लिनुपर्ने उनीहरूको सुझाव थियो ।

**१२) सार्वजनिक बहसहरूमा महिला उद्यमशीलताले पाउने कमजोर महत्व:** कार्यक्रममा उठेको अर्को सैद्दन्तिक बिषय राजनीतिक समावेसिताका कतिपय मुद्दाले सार्वजनिक मंच र बहसमा स्थान पाउने गरेको तर महिला उद्यम र अर्थतन्त्रमा त्यसको योगदानका बारेमा चर्चा कम हुनेगरेको महिला उद्यमीहरूले सुनाए । महिला उद्यमका अवस्था, अवसर, चुनौती, अवरोध र सम्बोधनका विषयमा विद्यालय तहबाटै र स्थानीय, प्रदेश, संघ तीनै तहमा सकृय बहस गर्नुपर्ने सुझाव दिएका उनीहरूले देशको अर्थतन्त्रमा प्रत्यक्ष योगदान गर्ने यो विषयमा व्यापक र समावेसी छलफल हुन नसकेको गुनासो गरे ।

**१३) स्थानीय र त्यसमा पनि महिला उद्यमीका उत्पादनहरूको प्रवर्द्धनको अभाव:** महिला उद्यमीहरूले प्रत्यक्ष झेल्ने अर्को समस्या स्थानीय रूपमै वस्तु तथा सेवाको व्यापार मार्फत उद्यम सिर्जना गरेका महिला उद्यमीका उत्पादनको प्रवर्द्धनको अभाव रहेको बुझियो । तीनै तहका सरकार र महासंघ लगायतका सरोकारवालाहरूले महिला उद्यमीका उत्पादन र उद्यमको प्रवर्द्धनमा सकृय रूपमा नसघाउने स्थिती रहेको पनि छलफलमा सहभागी उद्यमीको निश्कर्ष थियो ।

**१४) महिला उद्यम लक्षित कार्यक्रमहरूको कमजोर कार्यान्वयन:** वर्षौं मेहेनत गरेर ल्याइएका महिला उद्यम लक्षित कार्यक्रम राम्रा बनेपनि कार्यान्वयन कमजोर हुनेगरेकोले त्यस्को प्रभाव गौण हुनेगरेको एक सहभागीले सुनाए । विभिन्न शोध र प्रतिवेदनका आधारमा प्रस्तुत भएको उक्त तर्कमा यस्ता कार्यक्रमहरू लक्षित वर्ग वा समुदायसम्म नपुग्दै कमजोर हुनेगरेको र उद्यम प्रवर्द्धन प्रभावित हुनेगरेको उनको विचार थियो ।

## आगामी बाटो (सहभागीहरूका विचारमा)

**१) महिला उद्यम लक्षित कार्यक्रम र नीतिहरू:** स्थानीय, प्रदेश, संघ तीनै तहका सरकारले महिला उद्यमको प्रवर्द्धन र सहजीकरण गर्ने किसिमका कार्यक्रमहरू तयार गर्ने । बढी रोजगारी दिने, कर बुझाउने वा स्थानीय समस्या समाधान गर्नेगरी महिला उद्यमीद्वारा संचालित व्यवसाय र उद्यमलाई सघाउने गरी नीती तयार गर्ने । विद्यालय तहबाटै उद्यमशीलताको प्रवर्द्धन गर्ने

किसिमका जानकारीको प्रसार गर्ने । उत्कृष्ट महिला उद्यमीलाई पुरस्कार र संकटमा रहेका राम्रा महिला उद्यमीलाई सहयोगको व्यवस्था गर्ने ।

**२) महिला उद्यमीका झन्झट कम गर्ने प्रकृयाको उपलब्धता:** उद्यम शुरू गर्न र संचालन गर्न आवश्यक नियमन प्रकृया कम झन्झटिलो र उत्प्रेरित गर्ने किसिमको बनाउने । लेखापरीक्षण, नवीकरण, कर प्रणाली र अन्य नियमन स्थानीय स्तरमै गर्न सकिने व्यवस्था मिलाउने । महिला उद्यमीहरूका चुनौती र समस्या सहजीकरणको व्यवस्था गर्ने र त्यसको नेतृत्व महासंघले लिने ।

**३) महिला उद्यमीका लागि शीप विकास, क्षमता सबलीकरण सम्बन्धी व्यापक कार्यक्रम:** महिला उद्यमीला लागि आवश्यक शीप र क्षमता विकासका अवसरहरू बढाउने, महिला उद्यमीहरूलाई व्यवसायिक सँगै आफ्नो व्यक्तिगत बृद्दिमा पनि ध्यान दिन प्रोत्साहित गर्ने । स्थानीय भाषा र उदाहरण सहित महिला उद्यमीहरूका लागि प्रोत्साहनमूलक मिडिया सहभागिता सामाग्री र तालिमहरूको व्यवस्था गर्ने ।

४) महिला उद्यमीद्वारा तयार र स्थानीय रूपमा भएका उत्पादनलाई प्रवर्धन र प्राथमिकता दिने।

५) महिला उद्यमसम्बन्धी काम गर्नेसंस्था र निकायबीच बलियो समन्वयको व्यवस्था गर्ने र त्यसको नेतृत्व महासंघले गर्ने ।

६) महिला उद्यमीबारे व्याप्त पुरातन सोच र भेदभाव हटाउने किसिमका बहस र छलफलको आयोजना गर्ने ।

# भाग २

## उद्घाटन सत्र र मन्तव्य



उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठको सभापतित्वमा सञ्चालन भएको सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरी, गृहमन्त्री सन्तोष पाण्डे, सामाजिक विकासमन्त्री सीके गुप्ता, प्रमुख सचिव राधिका अर्याल, महांसघका उपाध्यक्ष हेमराज ढकाल, महासंघको महिला उद्यमी विकास समिकी सभापती कमला श्रेष्ठ, उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्ण प्रसाद शर्मासँगै बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेय, उपप्रमुख सावित्रा अर्याल लगायतले सम्बोधन गरेका थिए ।

**डिल्लीप्रसाद चौधरी, मुख्यमन्त्री, लुम्बिनी प्रदेश**




- अहिले हामी लुम्बिनी प्रदेशका महिला दिदी–बहिनीले मासिक कम्तिमा ३० हजार रुपैयाँभन्दा माथि कसरी आम्दानी गर्न सक्छन् भनेर महिलाका उद्यमशिलता कार्यक्रम बढाउने प्रयास गरिरहेका छौं। महिला उद्यमलाई लागत, खर्च र आयसँग जोड्ने बेला भएको छ । गाउँका उद्यमलाई पनि शहरसँग जोड्नुपर्ने बेला आएको छ ।

- अहिले युवाहरू विदेशिने समस्या छ, यस्तो अवस्थामा महिला उद्यमीहरू अग्रसर भई यस्तो सम्मेलन आयोजना गर्नुलाई हामीले ठूलो अवसरका रूपमा लिएका छौं ।
- महिला उद्यमशिला प्रवर्द्धनका लागि आवश्यक आर्थिक स्रोत जुटाउन लुम्बिनी प्रदेश तयार छ । महिला उद्यमी सफल नभएसम्म देश सफल हुँदैन ।
- महिला सम्मेलनका निष्कर्षबारे सातै प्रदेशका मुख्यमन्त्रीसम्म पुऱ्याउन र अन्य आवश्यक पहल चाल्न म तयार छु ।

**सन्तोष पाण्डेय, गृह मन्त्री, लुम्बिनी प्रदेश**




- महिला उद्यमीहरूलाई सहयोग गर्नु प्रदेश सरकारले आफ्नो दायित्व ठानेको छ र त्यसलाई पूरा गर्न हामी गम्भिर छौं ।
- स्थानीय उत्पादनको बजार प्रवर्द्धन, ब्रान्डिङ, मार्केटिङमा सहयोग गर्नुका साथै महिला उद्यमशिलतालाई अर्थतन्त्रमा जोड्न लुम्बनी प्रदेश सरकारले पहल गर्दै आएको छ।
- हामीले २ लाख युवालाई रोजगारी दिने लक्ष्य लिएका छौं, युवाहरूलाई उद्यमी बनाउने हाम्रो प्रयत्नमा निजी क्षेत्रको सहकार्य पनि खोजेका छौं ।
- अबको नीति तथा कार्यक्रम र बजेटमा महिला उद्यमीका लागि प्रदेश सरकारले के के विषय समावेश गर्नु उचित हुन्छ, त्यसबारे सुझाव उपलब्ध गराइदिन पनि अनुरोध गर्छु।

**सीके गुप्ता, सामाजिक विकास मन्त्री, लुम्बिनी प्रदेश**




- महिला उद्यमीको सशक्तीकरणका लागि प्रदेश सरकारले गर्नुपर्ने सहयोग गर्दै आएको छ, नयाँ योजनाहरूमा पनि हाम्रो पूर्ण समर्थन रहनेछ । महिलाउद्यमीहरूले राम्रा व्यवसायिक योजनाहरू पेश गरेमा हामी हाम्रो बजेट अनुसार कसरी समन्वयन गर्न सकिन्छ, हामी साथ दिन तयार छौं ।

**राधिका अर्याल, प्रमुख सचिव, लुम्बनी प्रदेश**



- स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न सरकारी निकायहरूले १५ प्रतिशतभन्दा बढी शुल्क तिरेर भए पनि स्थानीय स्तरकै वस्तु तथा सेवा प्रयोग गर्दै आएका छन् । प्लास्टिक प्रतिबन्ध गर्ने, खादाको सट्टा फुलकै माला लगाउनुपर्ने जस्ता अभियान सुरु भएका छन् ।
- महिलाहरूले गर्दै आएको कामलाई

आर्थिक मोल दिनुपर्ने बेला आएको छ ।

- ठाउँ-ठाउँमा स-साना बजार, मेला र विक्री केन्द्र खोल्न सकियो भने उत्पादनकर्ता र उपभोक्ताबीचको दूरी घटाउन सकिन्थ्यो ।
- महिला उद्यमीका लागि विभिन्न सेवा सुविधा छुट्याइए पनि त्यो पर्याप्त छैन । उद्यम धितो राखेर बैंक तथा वित्तीय संस्थाले कर्जा दिने सुविधा पाउने सुनिश्चित गर्नैपर्छ ।

**अञ्जन श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ**

- साना उद्योगीको प्रवर्द्धन, महिला उद्यमीको सशक्त्रीकरण र आर्थिक समृद्धिको प्रवर्द्धनसँगै दिगो व्यवसायका लागि सरकारले वातावरण तयार गर्नुपर्छ ।
- महिला उद्यमीलाई वित्तीय पहुँच उपलब्ध गराउनु आवश्यक छ र त्यसका लागि परियोजना धितोमा कर्जा, सहुलियतपूर्ण कर्जा र पुन:कर्जाजस्ता सुविधा सहज र प्रभावकारी बनाइनुपर्ने विषयमा महासंघले सरोकारवालाई पटक–पटक ध्यानाकर्षण गराएको छ।




- महिला उद्यमशिलताको बहुआयामिक फाइदा छन्, यो रोजगारी, आर्थिक वृद्धि र उद्यशिलतासँग मात्रै जोडिएको विषय नभइ यो समानता र समन्यायिक समाज निर्माणको विषय पनि हो ।
- हाल नेपालमा २७ प्रतिशत व्यवसाय महिलाको नाममा छन् तर यसमा सक्रियतापूर्वक लागेका महिलाको संख्या कम छ । हाम्रो समाजको समुन्नत विकास हुन नसक्नुमा यो पनि एउटा कारण हो ।
- महिलाको नाममा घरजग्गा राख्दा छुट दिने योजना सफल भए पनि उद्यमशीलतामा दिइएको छुटले नतिजा दिन नसकेको देखिन्छ । दर्तामा राजश्व केहि छुट भए पनि व्यवसाय निरन्तरताका लागि सहुलियत दिन सकिएको छैन ।
- सहुलियत कर्जा सुविधा रोकिएको छ । व्यवसाय भनेको निरन्तर चल्ने प्रक्रिया हो । त्यसैले नीतिगत स्थायित्व आवश्यक छ ।
- नेपाल अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदै गर्दा विशेषगरि युरोप र अन्य बिकसित देशमा नेपालले पाइरहेको भन्साररहित सुविधा बन्द हुने र त्यसबाट साना र विशेषगरि महिला उद्यमीहरू बढी प्रभावित हुने विषयमा ध्यान दिन आवश्यक छ ।

**खेलराज पाण्डे, प्रमुख, बुटवल उपमहानगरपालिका**

- सबै महिलालाई सीप र आर्थिक आय आर्जनसँग जोड्न उद्यमी बन्न अभिप्रेरित गर्ने गरी सम्मेलन आयोजना गर्नु सकारात्मक विषय हो ।
- आर्थिक क्षेत्र दिगो नहुन्जेल र महिलाले आफ्नो हक अधिकार सीपसँग जोडेर भविष्य देख्न नसकुन्जेल कुनै पनि समाज सफल हुन सक्दैन ।




- बुटवल उपमहानगरपालिकालेले ३०० वटै टोलमा २ हजार महिलाका लागि महिला उद्यमीशिलता प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्ने तयार गरेको छ । यस क्रममा १५ दिनभित्र ८०० जनालाई सीप विकासको तालिम दिने हाम्रो लक्ष्य छ ।
- आजको समयमा शिक्षालाई सीपसँग जोड्नुपर्छ । त्यसैले हाम्रो उदेश्य एक घर एक सीप अभियानअन्तर्गत हरेक आमा दिदी बहिनीका हातमा कुनै न कुनै सीप दिलाउने रहेको छ।
- यस पालिकाभित्र उत्पादन भएका वस्तु तथा सेवामा करको दर घटाउने हाम्रो योजना छ । बुटवल उपमहानगरका प्रमुख प्राथमिकतामध्ये महिला उद्यमशिलता विकास गर्नु पनि एक हो ।
- हाम्रो उद्यमी महिला बुटवल बनाउने लक्ष्य छ । राजनीतिक र आर्थिक रूपमा महिलालाई सबल बनाउने गरी यो अभियान चलाएका हौं । संघीय सरकारले पनि हाम्रो यस्तो पहलमा साथ दिनुपर्छ ।
- महिला उद्यमशिलता कार्यक्रमका लागि बुटवल रोल मोडल बनोस् भनेर हामी काम गरिरहेका छौं ।

**हेमराज ढकाल, उपाध्यक्ष, नेउवासंघ**




- महिलाले सञ्चालन गरेका घरेलु मौलिक उत्पादनलाई बजारीकरण गर्न सके समृद्धि हासिल गर्न सहज हुन्छ ।
- पछिल्लो समय महिलाहरू उद्यमशिलतामा जागरुक हुँदै आएको देखिन्छ र यो जागरुकता कम हुन नदिई अझै आँट गर्ने महिलालाई महासंघ सहयोग गर्न तयार छ ।

**कमला श्रेष्ठ, सभापती, महिला उद्यमी विकास समिति, नेउवासंघ**




- तीनै तहका सरकार र वित्तीय पदाधिकारीहरूलाई एकै थलोमा राखेर महिला उद्यमीका अवस्था, विद्यमान नीतिगत व्यवस्था, व्यवहारिक चुनौती र समाधानका उपायबारे विमर्श गर्ने उदेश्यले सम्मेलन आयोजना गरिएको हो।
- पछिल्लो समय उद्यमशिलतामा महिलाको सक्रिया बढ्दै गएको छ, श्रमशक्तीमा महिला सहभागिता वृद्धि हुनु खुशीको कुरा हो।
- सन् १९७१ देखि २०२१ सम्म आर्थिक रूपमा सक्रिय दश वर्षभन्दा माथिका महिलाको जनसंख्या प्रतिशत २९.२ बाट बढेर ६०.४ प्रतिशत पुगेको छ । श्रमशक्तीमा महिला

सहभागिता १ प्रतिशतले मात्रै बढ्यो भने पनि नेपालको कुल गार्हस्थ्य उत्पादनमा ०.३ प्रतशिले वृद्धि आउने कुरा छ ।

- कतिपय महिलाहरू अझै पनि आफ्ना व्यावसायकि कार्यभन्दा घरायसी जिम्मेवारी र हेरचाहमा लाग्नु महिला उद्यमशिलताका चुनौती हुन् ।

**कृष्ण प्रसाद शर्मा, अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ, लुम्बिनी प्रदेश**




- नेपालको अर्थतन्त्रमा २८ देखि ३० प्रतिशत योगदान महिलाहरूको छ। तर यो योगदान मुख्ययता अनौपरिक तवरले भएको देख्न सकिन्छ । देशको अर्थतन्त्रमा महिलाको योगदान यसरी अदृष्य रहनु सुखद कुरा होइन ।
- महिलाहरू किन पछाडी परिरहेका छन् र उद्यमशिलताको क्षेत्रमा किन लैंगिक विभेद व्याप्त छ भन्ने विषयमा सम्मेलनका छलफल सत्रमा विमर्श हुनुपर्छ ।
- महिलाहरूले पनि हप्तैपिच्छे तालिम लिने, सिप सिक्ने तर त्यसलाई उत्पादनमा परिणत नगर्ने बानी छोड्न जरुरी छ ।
- सरकारले महिला उद्यशिलताका लागि विभिन् सहुलियत कार्यक्रमहरू ल्याएको छ तर ती प्रभावकारी हुन सकेका छैनन् । वित्तिय संस्थाहरू समेत यसमा उदासिन देखिएका छन् ।

**साबित्रादेवी अर्याल, उपप्रमुख, बुटवल उपमहानगरपालिका**




- यस उपमहानगरपालिका क्षेत्रका ८ सय महिलाहरूलाई फागुन महिनासम्ममा ब्युटि पार्लर लगायतका सीपसँग जोड्ने हाम्रो अभियान छ।
- आफ्ना क्षेत्रका महिला उद्यमीले गरेका उत्पादनको खपत र व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय सरकारको हुनुपर्छ। यही धारणालाई सघाउन बुटवटको उद्योग वाणिज्य संघले कोशेली घर बनाउने, नर्सरी चलाउने, अनलाइनबाट जुत्ता व्यापार गर्ने लगायतका महिलालाई पुरस्कृत गर्ने र नि: शुल्क तालिमहरू सञ्चालन गर्ने काम गर्दै आएको छ ।

## भाग ३
## सामूहिक छलफल
## पहिलो सत्र: महिला उद्यमशिलता नीति र नतिजा

**वक्ता**

सावित्रा देवी अर्याल, उपप्रमुख, बुटवल उपमहानगरपालिका
शान्तिराम निरौला, प्रमुख, आन्तरिक राजश्व कार्यालय, भैरहवा
नेत्र भुषाल, उद्योग अधिकृत, घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देही
जमुना नेपाल, उपनिर्देशक, सामाजिक सुरक्षा कोष

**सहजकर्ता**

कमला श्रेष्ठ, महिला उद्यमी विकास समिति, नेपाल उद्योग वाणिज्य महासंघ

सम्मेलनको यस पहिलो सत्रमा महिलाले सञ्चालन गरेका उद्योगलाई संरक्षण, संवर्धन र प्रवर्धन गर्न के–कस्ता कानुनी व्यवस्था तर्जुमा गरिएका छन्, तिनको उपायदता के छ, ती व्यवस्थाबाट महिला उद्यमीहरूले कत्तिको लाभ लिन सकेका छन् भन्नेबारे मन्थन भएको थियो । महिलाद्वारा सञ्चालित उद्योग–व्यवसायलाई सबल बनाउन अनेकौं किसिमका पहल र व्यवस्था गरिएको भए पनि कार्यान्वयन प्रभावकारी नहुँदा महिला उद्यमीहरू पर्याप्त रूपमा लाभान्वित हुन नसकेको सहभागीहरूले बताए ।




सो क्रममा बुटवलकी उद्यमी धनकुमारी खनालले आफ्नो नाममा लालपूर्जा नहुँदा कतिपय महिला उद्यमीहरूले कृषि व्यवसाय दर्ता गर्न नपाएको र सहुलियत सुविधाहरू उपभोग गर्नबाट बञ्चित हुनुपरेको गुनासो पोखेकी थिइन् । महिलाको नाममा दर्ता भएको व्यवसाय पुरुषले सञ्चालन गर्दा कारबाही हुन्छ कि हुँदैन भन्ने पनि उनको जिज्ञाशा थियो । 'कतिपय दिदी–बहिनीहरूले गाउँपालिकाको नाउँमा दर्ता भएको जग्गामा कृषि फर्म खोलेका छन् तर आफूसँग लालपुर्जा नहुँदा व्यवसाय दर्ता गर्न र अनुदान सुविधा लिन पाएका छैनन्,' खनालले भनिन्, 'धेरैजसो त्यस्ता जग्गा बिचौलियाले हडप्ने गरेका छन् । लालपुर्जा नहुने महिला उद्यमीले कुनै पनि सहुलियत सुविधाहरू पाउँदैनन् । धरौटी राख्ने सम्पत्ती नहुनेले पनि कर्जा पाउने कुनै व्यवस्था होला त ?'

सत्रमा महिला उद्यमीहरू सामाजिक सुरक्षा कोषमा जोडिँदाका फाइदाहरू पनि कतिपय व्यवसायीहरूले जिज्ञाशा राखेका थिए । सहभागीका प्रश्नमा घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देहीका उद्योग अधिकृत भुषालले महिला उद्यमीलाई प्राप्त हुने सहुलियत तथा छुट सुविधाबारे जानकारी दिएका थिए । औद्योगिक व्यवसाय ऐन २०७६ मा महिला उद्यमीको मात्र स्वामित्व रहने गरी उद्योग वा फर्म दर्ता गराउँदा पैतिस प्रतिशत छुट हुने जानकारी दिए । औद्योगिक व्यवसाय नियमावली २०७८ अनुसार वित्तीय स्थितिको आधारमा महिला उद्यमीलाई पाँच लाख रुपैयाँदेखि ५० लाख रुपैयाँसम्म निर्यात कर्जा उपलब्ध गराउने व्यवस्था रहेको भुषालले बताए।

'महिलाको नाममा प्राइभेट फर्म दर्ता गर्दा दर्ता दस्तुरमा ५० प्रतिशत छुट हुने व्यवस्था छ,' भुषालले थपे, 'साझेदारी फर्म दर्ता नियमावली २०७६ को नियम ४ मा साझेदारी फर्म दर्ता गर्दा कुनै साझेदार महिला भएमा दर्ता दस्तुरमा पचास प्रतिशत छुट हुने भनिएको छ । दर्ता दस्तुर छुट, सहुलियत कर्जा जस्ता सुविधा कारण रुपन्देही जिल्लामा विगत पाँच आर्थिक वर्षमा दर्ता भएका उद्योगमा महिला उद्यमीको संख्या उल्लेख्य वृद्धि भएको छ । उद्यमशिलतामा महिलाको आकर्षण बढिरहेको देखिन्छ ।' उनले प्रस्तुत गरेको विवरणअनुसार आव २०७४/०७५ मा कुल उद्योग संख्या १ हजार १२ रहेकोमा महिला उद्यमीको संख्या १७० अर्थात १६.७९ प्रतिशत रहेकोमा आव २०७९/८० मा कुल उद्योग दर्ता संख्या १ हजार १ सय ३० र महिला उद्यमीको संख्या ५ सय ५५ अर्थात ४९.११ प्रतिशत देखिन्छ ।

आन्तरिक राजश्व कार्यालय, भैरहवाका प्रमुख निरौलाले राजश्व सम्बन्धी नीतिमा महिलाका लागि छुट्टै व्यवस्था नभएको बताए । तथापी, आयकर ऐन २०५८ अनुसार महिला, दलित वा अपाङ्गहरूमध्ये कम्तीमा तेत्तीस प्रतिशतलाई समेत समावेश गरी सय जनाभन्दा बढी नेपाली नागरिकलाई वर्षभरि प्रत्यक्ष रोजगारी दिएमा तिर्नुपर्ने कर रकममा १० प्रतिशत छुट हुने उनले जानकारी दिए । त्यस्तै, महिला उद्यमीद्वारा सञ्चालित लघु उद्योगलाई थप ३ वर्ष गरी कुल १० वर्षसम्म पूर्ण रूपमा आयकर छुट हुने व्यवस्था रहेको पनि बताए । पारिश्रम आय मात्र हुने महिलाले तिर्नुपर्ने कर १० प्रतिशत कम हुने र घरजग्गा दर्ता दस्तुरमा लाग्ने करमा महिलालाई २५ प्रतिशत छुट दिइएको बताए ।

बुटवल उपमहानगरपालिकाकी उपप्रमुख अर्यालले उद्यमी महिलाका लागि सरकारले सहुलियत दरमा कर्जा सुविधा, कर छुट लगायत व्यवस्था लागू गरे पनि त्यसलाई कार्यान्वयनमा ल्याउन विभिन्न कठीनाइ देखिएको भनाइ राखिन् । 'कतिपय अवस्थामा कर्जा लिएर व्यवसाय शुरु गर्न महिलालाई परिवारले नै प्रोत्साहन नगर्ने प्रवृत्ती छ, ' उपप्रमुख अर्यालले भनिन्, 'कर्जा लिएर काम गर्न महिलालाई परिवारले नै दिँदैन, प्रोत्साहन गर्दैन । महिलाको नाममा दर्ता भएका घर–जग्गा वा व्यवसायमा उनीहरूको अधिकार कति हुन्छ भन्ने पनि महत्वपूर्ण कुरा हो। श्रीमतीका नाममा घर पास गर्दा २५ प्रतिशत राजश्व कम हुन्छ भनेर पास गरिदिने तर त्यो घरमा महिलाको हकै भएन भने त्यसको के अर्थ ? महिलाले आफ्नो अधिकार लिनुपर्छ । त्यसो गर्न सके मात्रै चाहेको काम वा उद्यम गर्न सक्छन् ।'

सत्रमा सामाजिक सुरक्षा कोषकी उपनिर्देशक नेपालले कोषले महिलाको जिवनमा आइपर्ने जोखिम न्यूनिकरणका लागि गहन भूमिका निर्वाह गरेको दाबी गरिन् । महिलाले व्यवसाय विस्तार गर्दै जाँदा आफ्नो पनि सुरक्षा सुनिश्चित गर्न कोषमा आवद्ध हुनुपर्ने उनको भनाइ थियो । कोषमा जोडिँदा वृद्ध अवस्थामा आयको निरन्तरा हुने उनले बताइन् । अनलाइनमार्फत नै कोषमा आवद्ध हुन सकिने र कोषबाट औषधी उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनाका सुविधाहरू प्राप्त हुने जानकारी समेत दिइन् ।

महिला उद्यमशिलता प्रवर्द्धन गर्न आवश्यक नीतिगत एवं कानुनी क्षेत्र पहिचान गरी कार्ययोजना तयार गर्नुपर्ने सहभागीहरूको सुझाव थियो । आगामी नीति तथा कार्यक्रम र बजेटमा महिला उद्यमशीलता वृद्धिका क्षेत्रमा विशेष व्यवस्था लागू गर्न पनि उनीहरूले आग्रह गरे । महिलाद्वारा सञ्चालित उद्योगधन्दालाई विशेष प्राथमिकता दिने भनेर सरकाले घोषणा गरे पनि त्यसको कार्यान्वयनको पाटोमा आवश्यक ध्यान नदिएको उनीहरूको गुनासो थियो । कानुन कार्यान्वयन गर्दा आइपरेका व्यवहारिक कठिनाइबारे उद्यमी महिलाहरूको प्रतिकृया लिई सो अनुसार आवश्यक संशोधन गर्न सुझाव दिइएको छ ।

**मुख्य विषय**

- महिला उद्यमीका लागि अनेकौं किसिमका नीतिगत पहल र व्यवस्था गरिएको भए पनि कार्यान्वयन प्रभावकारी नहुँदा उद्यमीहरू पर्याप्त रूपमा लाभान्वित हुन नसकेको
- लालपूर्जा नहुँदा कतिपय महिला उद्यमीहरू कृषि व्यवसाय दर्ता र सहुलियत सुविधाहरू उपभोग गर्न बञ्चित हुनुपरेको
- उच्च प्रतिश्पर्धा, पर्याप्त छुट, सहुलियतको कमीले महिला उद्यमीलाई माथि उठ्न गाह्रो
- महिलाद्वारा सञ्चालित उद्योगधन्दालाई विशेष प्राथमिकता दिने सरकारको घोषणा कार्यान्वयनमा नआएको
- महिला उद्यमशिलता सम्बन्धी छरिएर रहेका कानुनी र नीतिगत व्यवस्थाबारे एकद्वार प्रणालीमार्फत जानकारी दिने व्यवस्था बनाउन सुझाव

# दोस्रो सत्र: वित्तीय पहुँच

**वक्ता**

सत्येन्द्र सुवेदी, कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक, लुम्बिनी प्रदेश
शान्ता सिवाकोटी, सहायक महाप्रबन्धक, ग्लोबल आईएमई बैंक
शोभा गुरुङ, उपाध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ
मीना पन्थी, अध्यक्ष, ओम साई नर्सिङ क्याम्पस, भैरहवा

**सहजकर्ता**

रचना श्रेष्ठ, सदस्य, महिला उद्यमी समिति, नेपाल उद्योग वाणिज्य महासंघ




उद्योग, व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने लगानी वा वित्तीय स्रोतमा महिलाहरूको पहुँच के-कस्तो छ, उद्यमीहरूले सरकारले उपलब्ध गराएका विभिन्न छुट तथा सहुलियत सुविधा एवं टेवा पूँजी प्राप्त गर्न सकेका छन् कि छैनन्, बैंक तथा वित्तीय संस्था एवं अन्य लगानीकर्ताहरूले महिला उद्यमशिलता प्रवर्द्धनका लागि पर्याप्त सहजिकरण गरेका छन्/छैनन् भन्नेबारे सम्मेलनको यस दोस्रो सत्रमा चर्चा गरिएको थियो। सरकारले विगत पाँच वर्षदेखि सञ्चालन गर्दै आएको सहुलियतपूर्ण कर्जा कार्यक्रम अचानक बन्द गरिएको विषयमा धेरैले चासो व्यक्त गरे ।

उद्यमशीलता विकासको लक्ष्यसहित २०७५ सालमा सुरु सो कार्यक्रम पछिल्लो समय रोकिएको छ। सहुलियतपूर्ण कर्जामा सरकारले महिला उद्यमीका लागि ६ प्रतिशत ब्याज अनुदान दिँदै आएको थियो । उद्यमीले १५ लाख रुपैयाँसम्म कर्जा पाउँथे । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार महिला उद्यमी शीर्षकमा २०७९ जेठसम्म ८३ हजार ४ सय ५५ ऋणीले ६० अर्ब ४५ करोड ६४ लाख रुपैयाँ पाएका थिए। तथापी, यो शीर्षकमा वास्तविक महिला उद्यमीभन्दा सस्तो ब्याजको लोभमा महिलाको नाममा व्यवसाय दर्ता गर्ने प्रचलन बढेको गुनासा आउने गरेका थिए। कतिपयले घरजग्गा, मोटरसाइकल लगायत किनेर सहुलियतपूर्ण कर्जा सुविधाको दुरुपयोग गरेको भए पनि वास्तविक उद्यमीका हकमा उनीहरूले पाइरहेको सुविधा रोक्का हुँदा व्यवसाय विस्तारमा मर्का परेको सम्मेलनमा सहभागी विभिन्न जिल्लाका महिला उद्यमीहरूको गुनासो थियो ।

राष्ट्र बैंक, लुम्बिनी प्रदेशका कार्यकारी निर्देशक सुवेदीले सहुलियत कर्जा सुविधाबारे राष्ट्र बैंकले सरकारसँग कुरा गर्दै आएको भए पनि ठोस प्रतिकृया प्राप्त नभएको प्रतिकृया दिए ।'त्यो नेपाल सरकारले दिँदै आएको सुविधा हो,' उनले भने, 'महिलालाई ६ प्रतिशसम्म ब्याज अनुदान दिने कार्यक्रमम विगत केही समययता रोकिएको छ । १० देखि १२ अर्ब रुपैयाँ राज्यकोषबाट आउन बाँकी छ, सरकारले दिने/नदिने स्पष्ट भनेको छैन । त्यसकारण यस विषयमा राष्ट्र बैंकले सरकारसँग कुरा गर्दै आएको छ । सरकारले नै सुविधा नदिएको हुनाले बैंकहरूले सहुलियपूर्ण कर्जा सेवा उपलब्ध गराउन सकेका छैनन् ।' बैंक तथा वित्तीय संस्थाप्रति सेवाग्राहीको विश्वसनियता बढाउँदै वित्तीय पहुँच विस्तार गर्ने उदेश्यले पनि नेपाल राष्ट्र ऐन, २०५८ तर्जुमा गरिएको सुवेदीले बताए ।

उद्यमीहरूले प्राप्त गर्दै आएको सुविधा बन्द हुँदा महिलाहरू मारमा परेको नेपाल घरेलु तथा साना उद्योग महासंघकी उपाध्यक्ष गुरुङको भनाइ थियो । उनले सहुलियतपूर्ण कर्जा कार्यक्रमलाई निरन्तर रुपमा लागू गर्नुपर्ने माग राखिन् । 'यसलाई १५ लाखबाट २५ वा ५० लाख कर्जा लिन मिल्ने बनाउनुपर्छ,' गुरुङले भनिन्, 'राष्ट्रपति महिला उत्थान कार्यक्रमबाट पाउने टेवा पूँजीदेखि निर्यातमूलक उद्योग लगायतमा सहुलियत कर्जा सुविधाहरू छन् तर घरेलु उद्यममा संलग्न ८२ हजार महिला उद्यमीले यस्ता सुविधा पाएका छैनन् ।' धितोको आधारमा नभइ परियोजनाको आधारमा कर्जा दिने व्यवस्था प्रभावकारी कार्यान्वयन गर्न आवश्यक रहेको पनि उनले औंल्याइन्। महिलाले पाउने कर्जा सुविधामा पुरुषहरूले चलखेल गरेको र यो समस्या न्युनिकरण गर्न छाता संगठनमार्फत कर्जा वितरण गर्न सकिने गुरुङको सुझाव थियो ।

नेपालमा महिलाहरू कर्जा सुविधा लिन त्यति उत्सुक नदेखिने गरेको ग्लोबल आईएमई बैंककी सहायक महाप्रबन्धक सिवाकोटीको अनुभव थियो । महिला उद्यमीको वित्तीय पहुँचबारे कुरा गर्दा बैंकले नै सुविधा दिन आनाकानी गरेको भन्ने खालका गुनासा बढी आउने गरेको भए पनि वास्तवमा उद्यमीहरूबाट कर्जा सुविधाका लागि पर्याप्त माग नै नआउने सिवाकोटीको भनाइ थियो। 'पहिले-पहिले सेवाग्राही बैंकमा जानुपर्थ्यो भने अहिले बैंक नै ग्राहककोमा जाने गरेको छ,' उनले भनिन्, 'साना तथा मझौला उद्यमलाई वित्तीय पहुँच प्रदान गर्नुका साथै बजारमा प्रतिस्पर्धी बनाउन सहयोग गर्ने र वित्तीय समावेशीकरणमा सुधार गर्ने विषयमा बैंकहरूले विभिन्न पहल गर्दै आएका छन् । तर यस्ता पहलमा महिला उद्यमीहरूको उत्साहजनक सहभागिता छैन ।'

ग्लोबल आइएमई बैंकले माघ दोस्रो साता मात्रै विश्व बैंक समूहको सदस्य अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी) सँग ५६ मिलियन अमेरिकी डलर अर्थात् करिब सात अर्ब ४१ करोड रुपैयाँ लगानी गर्ने सम्झौतापत्रमा हस्ताक्षर गरेको र त्यस रकममध्ये ५० प्रतिशत विशेषत: महिलाले सञ्चालन गर्दै आएका साना तथा मझौला उद्यमहरूमा कर्जा प्रवाह गर्न प्रयोग गर्ने सर्त रहेको अवगत गराइन् । 'नेपालमा कुनै पनि विकास वित्तीय संस्थाले कुनै पनि बैंकलाई लैंगिक वित्तीय फाइनान्स उपलब्ध गराएको पहिलो पटक हो,' उनले भनिन्, 'तर समस्या के छ भने हामीकहाँ महिलाहरूलाई उद्यमशिलतामा लाग्न प्रोत्साहन गर्ने चलन छैन ।'

ओम साई नर्सिङ क्याम्पसकी अध्यक्ष पन्थीले आफू व्यवसायमा सफल हुनुको कारण शिक्षा र आत्मविश्वास भएको धारणा राखिन् । एकल महिलाहरूलाई वित्तीय संस्थाहरूसँग समन्वय गर्दै व्यवसाय सञ्चालन गरेर आत्मनिर्भर बन्न चुनौतीपूर्ण भए पनि अध्ययन र आत्मविश्वासले अघि बढ्न सकेको उनको भनाइ थियो । 'मैले महिला उद्यमीका विषयमा बनेका कानुन, छुट र सुहलियतको अवस्थाबारे अध्ययन गरेको हुनाले मलाई के कसरी पहल गर्नुपर्छ भन्ने थाहा भयो,' मन्थीले भनिन्, 'मलाई राय सल्लाह दिने पुरुष साथी छैनन्, म आफ्नो निर्णय आफैं लिन्छु । कर्जा सुविधाहरूका वित्तीय संस्था एवं लगानीकर्ताहरूले मलाई विश्वास गर्नुको कारण म शिक्षित र आत्मविश्वासी भएकाले हो ।'

**मुख्य विषय**

- सहुलियत कर्जा सुविधा बन्द हुँदा महिलालाई उद्यमीलाई व्यवसाय सञ्चालनका लागि आवश्यक लगानी एवं स्रोतको अभाव
- सम्पत्तीमा असमान पहुँच, कर्जा लिएर व्यवसाय सञ्चालन गर्न प्रोत्साहन नगर्ने सामाजिक परिपाटी
- धितोबेगर कर्जा नपाइनु, सहुलियत कर्जाको ब्याजदर स्थिर नहुनु

- महिलाले पाउने कर्जा सुविधामा कतिपय पुरुषले चलखेल गर्ने, समस्या न्युनिकरणका लावि छाता संगठनमार्फत कर्जा वितरणको माग
- महिलाहरूलाई उद्यमशीलतासँग सम्बन्धित विभिन्न विषयमा तालीम र ज्ञान दिई सहज रूपमा वित्तीय पहुँच उपलब्ध गराउनुपर्ने सुझाव

## तेस्रो सत्र: बजारमा पहुँच

**वक्ता**

कृष्ण राज बजगाई, वरिष्ठ अधिकृत, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
प्राथना साख, अध्यक्ष, काठमाडौं च्याप्टर, नेपाली युवा उद्यमी मञ्च
सरु केसी, सभापती, महिला विकास समिति, कोशी प्रदेश, नेपाल उद्योग वाणिज्य महासंघ
हिरा भट्टराई, प्रोप्राइटर, पद्मावली हस्तकला उद्योग, पोखरा

**सहजकर्ता**

सरस्वती राई, उपसभापती, महिला उद्यमी विकास समिति, नेपाल उद्योग वाणिज्य महासंघ




पछिल्लो समय स्वरोजगार र उद्यमशिलताको क्षेत्रमा महिलाहरूको लगाव बढेको छ । विभिन्न किसमका पसल खोल्ने, स्टार्टअप कार्यक्रम सुरु गर्नेदेखि नविनतमा पहलमार्फत व्यवसाय सञ्चालन गर्न महिलाहरू अग्रसर भएका देखिन्छन् । तथापी, आफ्ना वस्तु तथा सेवाको आवश्यक प्रवर्द्धनसँगै बजार विस्तार र निर्यातका सन्दर्भमा महिला उद्यमीहरूलाई नीतिगत र व्यावहारिक अड्चन देखिने गरका छन् । महिला उद्यमशिलतासम्बन्धी छरिएर रहेका कानुनी व्यवस्था, जमिन र सम्पत्तीमा असमान पहुँचजस्ता चुनौतीहरूले महिलालाई सहज रूपमा बजारको पहुँच प्राप्त गर्न असमर्थ बनाउने गरेका छन् । बजारीकरण र ब्रान्डिङ सम्बन्धी आवश्यक सीपको अभाव, डिजिटल साक्षरता र प्रविधिमा पहुँच नहुँदा कतिपय महिला उद्यमी अपेक्षाकृत रूपमा माथि उठ्न सकेका छैनन् ।

यस सत्रमा पोखराकी उद्यमी भट्टराईले महिलाद्वारा सञ्चालित हस्तकला व्यवसायमा दक्ष जनशक्तीको अभाव हुनु, बजारको परिवर्तित मागलाई तुरुन्त सम्बोधन गर्न नसक्नु, उचित प्रविधि अपनाउन नजान्नु र कच्चा पदार्थ आपूर्तिमा कठिनाई रहनु मूल समस्या रहेको जानकारी गराइन्। यसका साथै छिमेकी राष्ट्र भारत, बंगलादेश र चीनसँगको कडा प्रतिस्पर्धाका कारण नेपाली महिला उद्यमीका उत्पादनले पर्याप्त बजार पाउन नसकेको उनको बुझाइ थियो । हस्तकला सामग्रीको बजार विस्तार गर्न सातै प्रदेशमा कोशेली घरको अवधारणा ल्याइए पनि कतिपय प्रदेशमा कार्यन्वयनमा नआएको उनले अवगत गराइन् ।

'हाम्रा उत्पादनमा मौलिकपन हराउँदै गएकाले अब परम्परागत सीपलाई संरक्षण गर्न अत्यन्तै जरूरी भइसकेको छ,' भट्टराईले भनिन्, 'यसलाई संरक्षण गर्न पकेट एरिया विकास गर्दै सीप हस्तान्त्रण र पुस्तान्तरण गर्न जरुरी छ । ललितपुरलाई हस्तकला नगरी घोषणा गरिए झैं अन्य जिल्लालाई उत्पादन हुने वस्तु तथा सेवाको हिसाबले प्रवर्द्धन गर्नुपर्छ ।' उनका अनुसार बागलुङमा बुट्टेनली लोप भइरहेको छ भने भोजपुरको खुकुरी र काँसका भाँडाहरूले बजार

पाएका छैनन् । यस्तै, अन्य ठाउँका मौलिक व्यवसायिक उत्पादनहरूको संरक्षण र प्रवर्द्धन गर्न मेला, प्रदर्शनी, महोत्सव आयोजना गर्दा सरकारले अनुदान रकम प्रदान गराउनुपर्ने उनको माग थियो ।

त्यस्तै, कोषी प्रदेशका महिला उद्यमीहरूको प्रतिनिधित्व गरेकी सरु केसीले क्वान्टिटि (आपूर्ति मात्रा), क्वालिटि (गुणस्तर) र कन्सिस्टेन्सि (निरन्तरता) गरी तीनवटा 'सी' कायम राख्न सके बजारमा उचित स्थान पाउन सहज हुने धारणा व्यक्त गरिन् । 'क्वालिटि र क्वान्टिटि दुवै छ तर कन्टिन्युटि भएन भने पनि बजारीकरण सजिलो हुँदैन,' उनले भनिन्, 'सबैभन्दा पहिले हामी उद्यमीले गुणस्तरमा ध्यान दिनुपर्छ ।' बजारीकरणका उपायहरूबारे सूचनाको कमी, पूँजी अभाव, ज्ञान र तालिमको अवसर नहुनु पनि बजारीकरणका चुनौती रहेको केसीले बताइन् । कोशेली घर अवरधारणालाई दिगो बनाइनुपर्ने उनको सुझाव थियो ।

युवा उद्यमी साख:ले बजारको मागअनुरुप उत्पादन भएको छ/छैन, भौतिक र अनलाइन दुवैथरी बजारमा उत्पादित वस्तु तथा सेवा देखिनेगरी उपलब्ध छन्/छैनन्, उद्यमीहरूको सम्बन्ध विस्तार गर्ने क्षमता कस्तो छ भन्ने कुराले पनि बजारीकरणमा प्रभाव पार्ने भनाइ राखिन् । 'आजको दिनमा हामीले बजार र वित्तीय सुविधा डिजिटल प्रणालीमार्फत पनि प्राप्त गर्न सक्छौं,' उनले भनिन्, 'ईकमर्स प्लाटफर्मको सदुपयोग गर्न सकिन्छ । सामाजिक सञ्जालबाट बजारमा पहुँच विस्तार गर्न सकिन्छ । महिला उद्यमीलाई नेपालमा मात्रै होइन, विदेशमा पनि बजारको सुविधा छ, यसबारे जानकारी दिन हामीले पहल थालेका छौं ।'

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका वरिष्ठ अधिकृत बजगाईले विश्व व्यापारमा महिलाको सहभागिता बढाउनुका साथै व्यापार र व्यापार नियमहरू लैङ्गिक तटस्थ बनाउन नेपालले विश्व व्यापार संगठन र लैंगिक सरोकारका विषयमा हस्ताक्षर गरेको जानकारी दिए । सरकारले पनि महिला उद्यमशिलता प्रवर्द्धन गर्न दर्जनौं कानुनी व्यवस्था गरेको र महिला उद्यमीका उत्पादनको निर्यातलाई विशेष प्राथमिकता दिने गरिएको उनले अवगत गराए। छरिएर रहेका सुविधा कसरी सदुपयोग गर्न सकिन्छ भन्नेबारे बेलाबखत जानकारीमूलक कार्यक्रम आयोजना हुने गरेको उनको दाबी थियो ।

औद्योगिक नीति, औद्योगिक व्यवसाय ऐन, आयकर ऐन, आर्थिक ऐन, महत्वपूर्ण व्यवसायिक व्यक्ती सम्मान, महिला उद्यमशीलता सहजीकरण केन्द्र सञ्चालन कार्यविधि, २०७७, महिला उद्यमशीलता विकास, वित्तीय पँहुच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७, राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६, संघ, प्रदेश र स्थानीय तहमा महिलाका लागि विशेष प्रदर्शनी स्थल, महिलाकेन्द्रित तालिम, विक्री कक्ष र वित्तीय पहुँच व्यवस्था जस्ता दर्जनौं नीतिगत व्यवस्था र सुविधा उपलब्ध भए पनि यी सबै छरिएर रहेकाले उद्यमीहरूलाई अलमल हुने गरेको बजगाईंको भनाइ थियो । व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले एकद्वारा प्रणालीमार्फत यस विषयमा जानकारी र सेवा प्रवाह गर्ने योजनाअनुरुप अग्रसरता लिइरहेको उनले बताए ।

महिला उद्यमीहरूको उद्यम विस्तार र बजारमा पहुँच बढाउन महिला उद्यमीहरूका लागि बाह्रै महिना उपलब्ध हुने गरी संघ, प्रदेश र स्थानीय तहमा प्रदर्शनी/बिक्री स्थलको व्यवस्था हुनुपर्ने, महिला उद्यमीहरूका लागि स्टार्टअप अनुदानको व्यवस्था, छुट्टै बिजनेस प्लान, कलेक्टिभ ट्रेड मार्क निर्माण, नविनतम प्रविधिमा अनुदान सहयोगजस्ता पहल हुनुपर्ने यस सत्रको छलफलपछि निष्किएको निचोड थियो । त्यस्तै, कृषि उद्यमीका लागि प्राविधिक सहयोग, वस्तु निर्यातमा

परिमाणको आधारमा अनुदानको व्यवस्था र महिला उद्यमीका लागि उपलब्ध सेवा सुविधाहरूको बारेमा एकैठाउँबाट जानकारी दिने हेल्प डेस्कको स्थापनाको माग गरिएको छ ।

**मुख्य विषय**

- अपर्याप्त सूचना प्रवाह, सूचनामा असहज पहुँच र छुट तथा सेवा सुविधाको बहुकेन्द्र, बहुकानुन र बहुप्रक्रिया महिला उद्यमीका लागि बजार प्रवेशका मूल चुनौती
- बजारीकरण र ब्रान्डिङ सम्बन्धी आवश्यक सीपको अभाव, डिजिटल साक्षरता र प्रविधिमा महिला उद्यमीको पर्याप्त पहुँच नहुँदा व्यवसाय विस्तारमा अवरोध
- संघीय सरकारले कोशेली घरको अवधारणा ल्याए पनि कतिपय प्रदेशमा कार्यन्वयनमा नआउनु
- महिला उद्यमीका लागि स्टार्टअप अनुदानको व्यवस्था, छुट्टै बिजनेस प्लान, कलेक्टिभ ट्रेडमार्क निर्माण, नविनतम प्रविधिमा अनुदान सहयोगजस्ता पहल हुनुपर्ने माग
- मौलिक व्यवसायिक उत्पादनहरूको संरक्षण र प्रवर्द्धन गर्न मेला, प्रदर्शनी, महोत्सव आयोजना गर्दा सरकारले अनुदान रकम प्रदान गराउनुपर्ने सुझाव

## प्रमुख सचिव श्री राधिका अर्यालसँग छलफल
### 'महिलाको कामलाई आर्थिक मोल दिनुपर्ने

सम्मेलनको पहिलो दिनको अन्तिम छलफलमा लुम्बिनी प्रदेशकी प्रमुख सचिव राधिका अर्यालले महिला उद्यमीका उत्पादन प्रवर्द्धनका लागि आफूहरूले केही पहल थालेको जानकारी दिइन् । उनले महिलाको कामलाई आर्थिक मोल दिइनुपर्ने अवस्था आएको समेत धारणा राखिन् । नेपाल उद्योग वाणिज्य महासंघका महानिर्देशक गोकर्ण अवस्थीले संयोजन गरेको सत्रमा प्रमुख सचिव अर्यालले ठाउँ–ठाउँमा स–साना बजार, मेला र विक्री केन्द्र खोल्न सकियो भने उत्पादनकर्ता र उपभोक्ताबीचको दूरी घटाउन सकिने बताइन् ।



'सार्वजनिक खरिद ऐनले स्थानीय स्तरका वस्तु तथ सेवा १५ प्रतिशतभन्दा बढी मूल्य तिरेर भए पनि प्रयोग गर्न कानुनी व्यवस्था गरेको छ,' उनले भनिन्, 'हामीले सो अनुसार गर्दै आएका छौं । यसका साथै अन्य केही पहल पनि थालिएका छन्। जस्तै- भालुवाङमा प्लास्टिक प्रयोग गर्न नपाइने चलन छ । खादा लगाउन नपाउने, फुलकै माला लगानुपर्ने चलन सुरु गरिको छ। महिलाहरूले घरका काम गरेर पुरुषलाई सहयोग गर्दै आएको र अनौपचारिक अर्थतन्त्रमा योगदान पुऱ्याएको हुँदा महिलाको कामलाई आर्थिक मोल दिनुपर्ने प्रमुख सचिव अर्यालको धारणा थियो ।

उद्योग बजारमा बिचौलियताको हालीमुहाली रहेको र त्यसलाई हटाउन साह्रै ग्राह्रो हुने गरेको पनि प्रमुख सचिव अर्यालको अनुभव थियो । 'बिचौलिया हटाउने गाह्रो विषय रहेछ, बजारमा तह हटायो भने उत्पादनकर्ता र उपभोक्तालाई राहत हुन्थ्यो,' उनले भनिन्, 'ठाउँ-ठाउँमा स-साना बजार, मेला, विक्री केन्द्र खोल्न सकियो भने उत्पादनकर्ता र उपभोक्ताबीचको दूरी घटाउन सकिन्थ्यो कि।' उनले महिला उद्यमीका लागि नीतिगत रूपमै सेवा सुविधा सुनिश्चित गरिए

पनि ती पर्याप्त नभएको बताइन् । परियोजना धितो राखेर बैंक था वित्तीय संस्थाले कर्जा दिने व्यवस्था हुनुपर्ने प्रमुख सचिव अर्यालको भनाइ थियो । सम्मेलनमा विभिन्न प्रकृतिका उद्योग, व्यवसाय सञ्चालन गर्दै आएका महिलाहरूले प्रमुख सचिव अर्यालसँग कर्जा सुविधा, उपभोक्ताको खरिद व्यवहार, महिला उद्यमीको बजारमा पहुँच लगायत विषयमा जिज्ञाशा राखेका थिए ।

## चौथो सत्र: 'पर्यटनका सम्भावना र चुनौती'

### वक्ता

सरोज कुमार पोखरेल, उपसचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
बिक्रम पाँडे काजी, सद्भावना राजदूत, लुम्बिनी विकास कोष
कृष्ण प्रसाद शर्मा, अध्यक्ष, लुम्बिनी प्रदेश, नेपाल उद्योग वाणिज्य महासंघ

### सहजकर्ता

सजना श्रेष्ठ, सदस्य, महिला उद्यमी विकास समिति, नेपाल उद्योग वाणिज्य महासंघ



नेपालको पर्यटन क्षेत्र देशको अर्थतन्त्रको महत्वपूर्ण हिस्सा रहँदै आएको छ । यो क्षेत्रको विकासमा महिलाहरूले उल्लेख्य भूमिका निर्वाह गर्दै आएका छन् । सन् २०१६ देखि २०२० को अवधिमा महिलाको स्वामित्वमा रहेका पर्यटन व्यवसायहरूको संख्या २० प्रतिशतले बढेको विभिन्न अध्ययनले देखाएका छन् । पर्यटन व्यवसायी महिला संघ नेपाल (टेवान) जस्ता निकायहरूले यो क्षेत्रका उद्यमीहरूलाई आवश्यक जानकारी प्रदान गर्न कार्यक्रमहरू आयोजना गर्दै आएका छन् ।

महिलाहरूले होमस्टे व्यवस्थापनदेखि ट्रेकिङ र गाइडिङ, हस्तकला सामग्री उत्पादन तथा विक्री, ट्राभल एजेन्सी एवं टुर सञ्चालनका काममार्फत पर्यटन व्यवसायलाई अघि बढाइरहेका छन् ।
यसो भन्दै गर्दा, नेपालको पर्यटन व्यवसायमा महिलाको सहभागिता, सक्रियता र योगदान बढिरहेको भए पनि त्यसको कदर हुनेगरी कानुनी र संस्थागत सुधारका पहल नहुँदा महिला पर्यटन व्यवसायीहरू हतोत्साही हुने अवस्था रहेको सम्मेलनको यस चौथो सत्रमा चर्चा भएको थियो । नेपालको पर्यटनमा महिलाहरूको उपस्थितिबारे आधिकारिक तथ्यांकसमेत नहुनुलाई विडम्बनाको विषय भएको निजी क्षेत्रका प्रतिनिधिहरूले बताए ।

नेपालको अर्थतन्त्र चलायमान बनाउन प्रमुख भूमिका खेल्ने पर्यटन क्षेत्रमा महिलाहरूका लागि अनेक अवसर रहेको उद्योग वाणिज्य महासंघ, लुम्बिनी प्रदेशका अध्यक्ष शर्माले बताए । 'होटल र आतिथ्यता मात्रै पर्यटन होइनन्, पर्यटनसँग अन्य धेरै क्षेत्रलाई जोड्न सकिन्छ, हामीले हस्तकला, सोभिनियर, मूर्तिकला जस्ता क्षेत्रलाई पनि पर्यटनसँग जोड्नुपर्छ,' उनले भने, 'महिलाका लागि धेरै पर्यटनमा अपार सम्भावना छन् । पर्यटन क्षेत्रमा महिला जतिसक्दो धेरै उद्यमीहरूलाई जोड्न सके हाम्रा अन्य आर्थिक क्षेत्रहरू पनि उजागर र चलायमान हुनेछन् । हामीसँग यसका लागि पर्याप्त जनशक्ती पनि छन् ।'

दुई दशकअघिसम्म नेपालमा पर्यटन क्षेत्रमा महिलाहरू जानु हुँदैन, होटल म्यानेजमेन्ट पढ्नु हुँदैन भन्ने खालको सोच रहेकोमा अहिले त्यो परिवर्तन हुँदै आएको शर्माको बुझाइ थियो । तथापी सन् १९२० भन्दाअघिदेखि नै नेपाली महिलाहरू पर्वतीय पर्यटनमा संलग्न रहेको उनले बताए ।

त्यतिबेला हिमाली क्षेत्रका शेर्पा महिलाहरू भरिया र भान्सेका रूपमा यो क्षेत्रमा संलग्न थिए । सन् २००० को दशकदेखि महिलाले पदयात्रा तथा आरोहण पनि सुरु गरेको शर्माले बताए । पछिल्लो समय पर्यटनसँग सम्बन्धित सरकारी र निजि दुवै संस्थाहरूमा महिला सहभागिता बढाउन माग उठिरहेको भन्दै उनले यसमा सकारात्मक पहल हुनुपर्ने धारणा राखे । पर्यटन सेवामा महिला जनशक्तीको सक्रियता र योगदान पुरुषको भन्दा कम नभए पनि ज्यालामा विभेद हुनु गलत भएको उनको ठहर थियो ।

लुम्बिनी विकास कोषका सद्भावना राजदूत पाँडे काजीले सगरमाथा आरोहण गर्ने पहिलो नेपाली महिला पासाङ ल्हामु शेर्पा र सन् २०१६ मा बीबीसी सय महिलाहरूको सूचीमा परेकी पर्वतारोही लाक्पा फुटी शेर्पाजस्ता महिलाहरूको उदहारण दिँदै स्वावालम्बी हुने बाटोमा महिलाहरूलाई सँगसँगै अघि बढाउनुपर्ने धारणा राखे । 'उनीहरू दुवै मेरा विद्यार्थी हुन्, दुवैले कीर्तिमानी कायम गरेका छन्, महिलालाई प्रोत्साहन गरे समग्र समाजको प्रतिष्ठा बढ्छ भन्ने उनीहरूले पुष्टि गरेका छन्,' पाँडे काजीले भने, 'खेलकुदको माध्यमबाट पर्यटन प्रवर्द्धन गर्ने उदेश्यले मैले सगरमाथामा म्याराथन प्रतियोगिताको अवधारणा शुरु गरेको थिएँ । त्यसले गर्दा सगरमाथा क्षेत्रमा एक महिना पर्यटन सिजन बढ्यो । म्याराथन दौडमा अहिले महिलाहरूकै सभागिता बढ्दो छ ।' यस्ता नविनत प्रयोगहरूमार्फत पर्यटन, उद्यमशिलता र महिला सशक्तीकरणलाई आपसमा जोड्न सकिने उनको सुझाव थियो । पाँडे काजीले लुम्बिनीको धार्मिक पर्यटन विकासका लागि अघि सारिएको 'माता मायादेवी सुत्केरी मार्ग' को अवधारणाबारे पनि कार्यक्रममा सुनाएका थिए ।

यस सत्रका अर्का वक्ता संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उपसचिव पोखरेलले औद्योगिक व्यवसाय ऐन संशोधन गरी पर्यटनलाई प्राथमिकताप्राप्त क्षेत्रमा समावेश गर्ने योजना रहेको जानकारी दिए । त्यसो हुन सके पर्यटन उद्यममा आवद्ध महिलाहरूलाई कर छुट, जग्गा प्राप्ती लगायत सुविधामा सहयोग हुने उनको भनाइ थियो । 'यसका साथै नयाँ पर्यटन ऐन २०८० को मस्यौदा हामीले अर्थ मन्त्रालयमा पठाएका छौं, त्यसमा पनि महिला उद्यमीका लागि केही विशेष प्रावधान छन्,' उनले भने, 'तीन तारेसम्मका होटल, जिपलाइन, ट्राभल एजेन्सी, बन्जी जम्प जस्ता व्यवसाय दर्ता, नविकरण र नियमन प्रदेश स्तरबाटै हुने र संघमा धाउनुनपर्ने व्यवस्थाहरू समावेश गरिएको छ ।' उनका अनुसार डान्स क्लब, दोहोरी घर, स्पाहरूको मापदण्ड बनाउनदेखि निमयनको जिम्मेवारी भने स्थानीय तहलाई दिइने पर्यटन ऐनको मस्यौदामा छ। सोह्रौं योजनामा पर्यटनलाई महत्वपूर्ण क्षेत्रका रूपमा पहिचान गरी वार्षिक ३० देखि ३५ लाख पर्यटक भित्र्याउने गरी योजना निर्माण भइरहेको पोखरेलले दाबी गरे ।



देशको अर्थतन्त्रको महत्त्वपूर्ण क्षेत्रको रूपमा रहेको पर्यटन व्यवसायलाई अझ गति दिन यसमा महिला सहभागिता बढाउन जरुरी रहेको यस सत्रमा सहभागीहरूको धारणा थियो । ग्रामीण र पर्वतीय पर्यटन क्षेत्रबाट पुरुषहरू पलायन हुँदै गर्दा महिलाहरूले नै यो क्षेत्र धान्नुपर्ने अवस्था आउन लागेको पनि कतिपयको भनाइ थियो। यस्तो अवस्थामा पर्यटन क्षेत्रमा क्रियाशील छाता–संस्थाहरू नेपाल पर्यटन बोर्ड, नेपाल एसोसिएसन अफ ट्राभल एन्ड टुर अपरेटरर्स (नाटा), ट्रेकिङ एजेन्सी एसोसिएसन अफ नेपाल (टान), होटल संघ नेपाल (हान), नेपाल एसोसिएसन अफ ऱ्याफ्टिङ एजेन्सी (नारा) लगायत संस्थाहरूमा महिला सहभागिता बढाउनुपर्ने विषयमा कुरा उठेका थिए ।

**मुख्य विषय**

- नेपालको पर्यटनमा महिलाहरूको उपस्थिति र योगदानबारे आधिकारिक विस्तृत तथ्यांक तयार गर्नुपर्ने
- पर्यटन सेवामा महिला जनशक्तीको सक्रियता र योगदान पुरुषको भन्दा कम नभए पनि ज्यालामा विभेद हुनु विडम्बना
- पर्यटन उद्यममा आवद्ध महिलाहरूलाई कर छुट, जग्गा प्राप्ती लगायत सुविधामा सहयोग हुने गरी औद्योगिक व्यवसाय ऐन संशोधनको प्रस्ताव
- पर्यटन क्षेत्रमा क्रियाशील छाता–संस्थाहरूमा महिला प्रतिनिधिको सहभागीता बढाउन जोड
- पर्यटन सेवा सहज बनाउन आवश्यक पर्ने भौतिक पूर्वाधार निर्माण र सञ्चालन हुनुपर्ने
- आन्तरिक पर्यटन बढाउन शुक्रबार र शनिवार आन्तरिक पर्यटकलाई हवाइ उडान र आवास (होटल) शुल्कमा ५० प्रतिशत छुन दिन सकिने विकल्प प्रस्ताव

## पाँचौं सत्रः
## युवा महिला स्टार्टअपका लागि गरिएका प्रयास साथै भएका व्यवस्था

**वक्ता**

विमलप्रसाद बराल, उपसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
जुना माथेमा, अध्यक्ष, स्टार्टअप एन्ड इन्नोभेसन फोरम, नेपाल उद्योग वाणिज्य महासंघ
सन्दिप कशौधन, पूर्वअध्यक्ष, युवा उद्यमी मञ्च, लुम्बिनी प्रदेश

**सहजकर्ता**

स्वर्णा ताम्राकार, उपसभापती, महिला उद्यमी विकास समिति, नेपाल उद्योग वाणिज्य महासंघ



सम्मेलनको यस पाँचौं तथा अन्तिम सत्रमा विशेषतः सरकारले चालु आर्थिक वर्षका लागि विनियोजन गरेको २५ करोड रुपैयाँको स्टार्टअप कर्जासँगै, उद्यमशिल सोचलाई व्यवसायमा रुपान्तरण गर्न काठमाडौंमा खोलिने इन्क्युबेसन सेन्टर, भेन्चर क्यापिटल र प्राइभेट इक्विटी फण्डजस्ता कार्यक्रमबारे जानकारी आदनप्रदान गरिएको थियो । सम्मेलनमा उपस्थित अधिकांश महिला उद्यमीहरूले स्टार्टअप कर्जाका लागि प्रस्ताव पेश गर्न काठमाडौं नै जानुपर्ने अवस्थाप्रति गुनासो व्यक्त गरे । यो कर्जा शहरकेन्द्रित टाठाबाठामाझ नै सिमित रहनसक्नेतर्फ प्रदेश तथा स्थानीय स्तरका महिला उद्यमीहरूले सचेत गराएका थिए ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले माघ ११ मा स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८० स्वीकृत गरेको थियो । कार्यविधि स्वीकृत गरेसँगै औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले २५ करोड रुपैयाँ बजेट छुट्याइएको स्टार्टअप उद्यम कर्जाका लागि प्रस्ताव आह्वान गरेको थियो। प्रतिष्ठानको सिफारिसमा राष्ट्रिय वाणिज्य बैंकले परियोजना धितो राखेर ३ प्रतिशत

ब्याजदरमा अधिकतम २५ लाख रुपैयाँसम्म स्टार्टअप कर्जा दिने घोषणा गरेको थियो । महिला उद्यमीहरू यो कर्जाप्रति आकर्षित भएका देखिन्छन् ।

सम्मेलनमा वीरगञ्जकी उद्यमी गुडी कुमारी साहले स्टार्टअप कर्जा प्राप्त गर्ने प्रक्रियाबारे आफूलाई जानकारी नभएको बताएकी थिइन् । नाबालक छोरीसहित रात्रीबस चढेर सम्मेलनमा भाग लिन आइपुगेकी साहले सो कर्जामा महिलाका लागि छुट्टै व्यवस्था छन् कि भनेर जिज्ञाशा राखेकी थिइन्। साना तथा मझौला उद्योगहरू स्टार्टअप हुन् कि युवाले सुरु गरेका व्यवसाय स्टार्टअप हुन् भन्नेमा पनि आफूलाई दुविधा रहेको बताइन् । 'म स्यानिटरी प्याड बनाउने व्यवसाय गर्छु, यो स्टार्टअप हो कि होइन,' उनको थप जिज्ञाशा थियो, 'यो व्यवसाय अहिले घाटामा छ । म अर्को कुनै उद्यम गर्न चाहन्छु तर के गर्ने, कसरी सुरु गर्ने अलमलमा छु, यस्तो बेला सरकारले ल्याएको इन्क्युबेसन सेन्टरमा कसरी सहभागी हुन सकिन्छ ?'

सत्रमा महासंघको स्टार्टअप एन्ड इन्नोभेसन फोरमकी अध्यक्ष माथेमाले स्टार्टअप के हो र के होइन भन्नेबारे स्टार्टअप कार्यविधिमा भएको परिभाषासँगै अन्य देशको अभ्यासबारे जानकारी दिएकी थिइन् । उनका अनुसार स्टार्टअप हुन सोच, प्रविधि र प्रक्रियामा नविनतम प्रयोग भएको हुनुपर्छ । 'भारतमा १० वर्षभन्दा धेरै समय सञ्चालनमा रहेको कम्पनीलाई स्टार्टअप मानिँदैन, नेपालको कार्यविधिमा ७ वर्षभन्दा बढी ननाघेको हुनुपर्ने उल्लेख छ,' उनले भनिन्, 'स्टार्टअप सञ्चालन गर्न युवा नै हुनुपर्छ भन्ने चाहिँ हुँदैन । संस्थापकको उमेरसँग स्टार्टअपको केही पनि सम्बन्ध छैन । ओयो, पठाओ, धान सुकाउने र चुट्ने मेसिनजस्ता अवधारणा इन्नोभेटिभ सोचका उदहारण हुन् । त्यसैले यी स्टार्टअपमा परे ।'

माथेमाले इन्क्युबेसन सेन्टर अर्थात व्यवसाय सम्बर्द्धन केन्द्रबारे पनि सत्रमा स्पष्ट पार्ने प्रयास गरिन् । नयाँ उद्यम खोल्न तौरतरिका सिकाउनेदेखि लगानी उपलब्ध गराउने, अस्थायी कार्यालयका रूपमा व्यवसाय व्यवस्थापनका लागि भौतिक संरचना (ठाउँ, बत्ती, पानी, इन्टरनेट, पुस्तक लगायत) को सुविधा दिनुका साथै व्यवसायलाई आवश्यक सीप, तालिम, करसम्बन्धी जानकारी, लेखा व्यवस्थापन, बजारीकरणका विषयमा समेत केन्द्रले नवउद्यमीलाई सहजिकरण गर्ने उनले बताइन् । 'हरेक प्रदेशमा यस्ता केन्द्र स्थापना गरियो भने सबैतिरका स्टार्टअपलाई माथि उठ्न सजिलो हुन्छ,' उनले भनिन् ।

लुम्बिनी प्रदेशस्थित युवा उद्यमी मञ्चका पूर्वअध्यक्ष कशौधनले स्वरोजगार र उद्यमशिलताको माहोल बढाउन आफूहरूले पनि सन् २०१९ मै महिला उद्यमी सम्मेलन आयोजना गरेको बताए। पछिल्लो समय उद्यमशाला र बुस्ट अप क्याम्पमार्फत युवा उद्यमीहरूलाई प्रोत्साहन र प्रवर्द्धन गर्दै आएको उनको भनाइ थियो । महिला उद्यमीहरूका लागि प्रशस्त अवसर रहे पनि त्यसको पहिचान गर्न र लाभ उठाउन महिलाहरूले शिक्षा र सीप विकासमा ध्यान दिनुपर्ने उनको सुझाव थियो । 'अहिले आमाको अचार ब्रान्ड निकै चर्चित छ तर त्यो व्यवसाय स्थापित गर्न संगीत पाण्डेले १२ वर्षसम्म मेहनेत, संघर्ष र धैर्यता गर्नुपरेको थियो,' कशौधनले भने, 'बुटवलमा एउटा सानो निकायका रूपमा शुरु भएको ब्लाक फरेस्ट आज भैरहवा, नारायणघाट, काठमाडौंमा फैलिएको छ । रचना क्षेत्री, बीना पन्थी जस्ता राम्रा उद्यमशिलताका कार्यक्रम गर्ने महिला भैरहवामा प्रशस्त छन् ।'

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका उपसचिव बरालले स्टार्टअप उद्यमको वातावरण निर्माणका लागि सरकारले गरेका प्रयासबारे प्रस्तुति दिएका थिए । त्यसका लागि हालसम्म राष्ट्रिय स्टार्टअप उद्यमी नीति, उद्यम सम्बर्द्धन केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, लघु, घरेलु तथा साना उद्योग प्रबर्द्धन नीति, २०८० को मस्यौदा तयार भएको र स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि कार्यान्वयनमै आइसकेको उनले जानकारी दिए ।योसँगै पन्ध्रौं पञ्चवर्षीय योजनामा स्टार्टअप व्यवसायमा संलग्न हुने युवा उद्यमीलाई व्यवसाय शुरुवात गर्न

व्यवसाय शुरुवाती कोषको व्यवस्था भएको र आर्थिक वर्ष २०७६/७७ को बजेटदेखि नै सहुलियतपूर्ण कर्जा प्रवाह स्टार्टअप व्यवसायको प्रवर्द्धन एवं उद्यमशिलताको लागि परियोजना धितोमा सहुलियतपूर्ण कर्जा प्रवाह गर्न १ अर्ब विनियोजन भएको उनले स्मरण गराए ।



स्टार्टअप उद्यममा पुरुषहरू बढी सक्रिय देखिएकाले महिलालाई प्रोत्साहन गर्नु आवश्यक रहेको सहभागीहरू भनाइ थियो। यसका लागि स्टार्टअप कार्यविधि र नीतिमा विशेष व्यवस्था भइदिए सहज हुने उनीहरूको ठम्याइ थियो। नेपालमा महिला नवउद्यमीलाई यसै पनि स्वरोजगारीमा लाग्न प्रोत्साहन नहुने र त्यसमा पनि काठमाडौं बाहिरका महिलालाई स्रोत साधान, मेन्टरसिप र लगानीको अभाव हुने गरेको विषयमा पनि सत्रमा प्रशंग उठाइएको थियो। काठमाडौंका स्टार्टअपलाई सघाउन जे जस्ता बुट क्याम्प, एक्सिलरेसन र स्केलिङका कार्यक्रमसँगै तालिम र सीप विकासका पहलदेखि कलेजहरूमा इन्क्युबेसन सेन्टर र इन्नोभेसन ल्याबहरू स्थापना हुने गरेका छन् । स्टार्टअपसम्बन्धी यस्ता गतिविधि काठमाडौंबाहिरका जिल्लाहरूमा पनि हुनुपर्ने धारणा अघि सारिएको थियो ।

**मुख्य विषय:**

- महिला सशक्तीकरणका लागि युवा तथा महिलाहरूलाई प्राथमिकतामा राखि स्टार्टअपहरूको विकास र प्रवर्द्धन गर्ने नीतिको आवश्यकता
- स्टार्टअप उद्यममा महिला र पुरूषको सहभागिता संख्यामा ठूलो अन्तर देखिएकाले महिला सहभागीता बढाउन विशेष प्रोत्साहन र कार्यक्रम ल्याइनुपर्ने
- स्टार्टअप कर्जा काठमाडौं र शहरकेन्द्रित टाठाबाठामाझ सिमित रहेको गुनासो
- सातै प्रदेशमा इन्क्युबेसन सेन्टर स्थापना हुनुपर्ने
- महिला उद्यमशिलता विकास गर्न सामाजिक प्रणाली र मानसिकता परिवर्तनको खाँचो
- महिला उद्यमीलाई स्टार्टअप व्यवसायमा लगाउन ऋण, तालिम, सीप विकास र उद्यमशीलतामा विशेष अनुदान दिने नीतिको आवश्यकता

## भाग ४
## समापन सत्रको सारांश



सम्मेलनको समापन सत्रमा उद्योग वाणिज्य महासंघका महानिर्देशक गोकर्ण अवस्थी, महिला उद्यमी विकास समितिकी सभापती कमला श्रेष्ठ, नेपाल उद्योग वाणिज्य महासंघ, लुम्बिनी प्रदेशका अध्यक्ष कृष्ण प्रसाद शर्मा र सिद्धार्थ उद्योग वाणिज्य संघ सिद्धार्थनगरका अध्यक्ष ठाकुर कुमार श्रेष्ठले महिला उद्यमीका वित्तीय समस्या, बजारमा पहुँच, पर्यटन क्षेत्रमा सहभागीता बढाउनेजस्ता समग्र विषयमा महासंघले थप पहलहरू गर्ने र सरकारको पनि ध्यानाकर्षण गराउन प्रयासरत रहने बताए । सहजीकरणका बाटो खोज्न कार्यक्रम आयोजना गरिएको उनीहरूको धारणा थियो ।

'उद्यमी बन्न कहाँ र कोबाट बाधा छ, यसबारे महिलाहरूले बोल्न थाल्नुपर्छ,' उद्योग वाणिज्य महासंघ, लुम्बिनीका शर्माले भने, 'अहिले नेपालको अनौपचारिक अर्थतन्त्रमा महिलाहरूको योगदान ३० प्रतिशत छ तर औपचारिक योगदान योभन्दा ठूलो छ ।' श्रेष्ठले महिला उद्यमीहरूको सम्मान र समस्या पहिचानका लागि सम्मेलन आयोजना गरिएको भनाइ राखे । लुम्बिनी प्रदेशका महिला विधेयकहरूले प्रोटोकल नमिलेको भन्दै कार्यक्रम बहिष्कार गर्नुलाई उनले महिला उद्यमीप्रति अन्याय गरिएको रूपमा टिप्पणी गरे । त्यस्तै, महिला उद्यमी विकास समितिकी सभापती श्रेष्ठले सम्मेलनमा उठेका प्रश्न र सुझावहरूलाई सम्बन्धित निकायमा पेश गरिने जानकारी दिइन्। उनले कार्यक्रममा उपस्थित सबैलाई र विशेषगरी आयोजक समूहलाई धन्यवाद दिइन् ।

# भाग ५
# निष्कर्ष तथा सुझाव

दुई दिनको बृहत् अन्तरक्रियाबाट छनोट भएका मुख्य विषयहरूलाई नेपाल उद्योग वाणिज्य महासंघ र महिला उद्यम विकास समितीको अगुवाइमा नेपाल सरकार र अन्य सम्बन्धित निकायमा पुऱ्याउन पहल गरिने सहमति भएको थियो । महासंघले पहिलोपटक संघीय राजधानी बाहिर लुम्बिनी प्रदेश, रुपन्देहीमा आयोजना गरेको सम्मेलनमा तयार पारिएको निम्न निष्कर्ष सहितको सुझाव यसै छलफल प्रतिवेदनमा समावेश गरी सरोकारवाला निकायहरूमा उपलब्ध गराइनेछ०ः

१. सम्मेलनमा उदघाटन सत्र सहित मुख्य पाँच सत्रहरू महिला उद्यमशीलता नीति र नतिजा, वित्तीय पहुँच, बजारको पहुँच, पर्यटन सम्भावना र चुनौति एवं स्टार्ट अपका सम्भावना बिषयमा छलफल भयो ।

२. सम्मेलनले महिला उद्यमशीलता लक्षित नीतिहरू कार्यान्वयनका लागि नेपाल उद्योग वाणिज्य महासंघ र महासंघको संजाल मार्फत तिनै तहका सरकारमा निरन्तर पैरवी गर्ने।

३. महिला उद्यमशीलताका लागि दिइँदै आएको सहुलियतपूर्ण कर्जा रोकिएकोमा उक्त कर्जा पुनः सुचारु गर्न अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंक लगायतका निकायको ध्यानकर्षण गराई कार्यान्वियन गर्न पहल गर्ने ।

४. घरेलु, साना तथा मझौला उद्यमहरूको दर्ता र नविकरण धेरै निकायमा गर्नुपर्ने बाध्यता भएको सन्दर्भमा एउटा निकायमा मात्रै दर्ता गर्न सक्ने व्यवस्था गर्न सबै सरकारको ध्यानाकर्षण गरी कार्यान्वयनको जोडदार माग गर्ने ।

५. उद्यमी महिलाहरूलाई आफ्नो व्यवसायमा अझै सबल बनाउन महिला उद्यमशीलता विकास कार्यक्रमलाई सीप विकास एवं उद्यमशीलता प्रवर्द्धनसम्बन्धी कार्यक्रमहरूमा थप सक्रियतापूर्वक आबद्ध गर्ने ।

६. अन्तर्राष्ट्रिय उदाहरण र देशमा विद्यमान नीतिगत तथा व्यावहारिक अवस्थाको आँकलन गरी महिला र पुरुषको ज्याला समान बनाउन उचित नीति नियम निर्माण गर्ने कार्यलाई प्रोत्साहन गर्ने र त्यसको लागि नीति निर्माता र व्यवसायीहरूसँग निरन्तर संवाद गर्ने ।

७. महिला उद्यमीहरूका उत्पादन प्रवद्र्धन र बजार बिस्तारमा सघाउने उद्देश्यसहित बाह्रै महिना उपलब्ध हुने गरी संघ, प्रदेश र स्थानीय तहमा प्रदर्शनी÷बिक्री स्थलको व्यवस्थाका लागि पहल गर्ने र उपलब्ध त्यस्ता स्थानहरूलाई सुधार गर्दै लान प्रोत्साहन दिने । महिला उद्यमीका लागि उपलब्ध सेवा–सुविधाहरूका बारेमा जानकारी दिन एकद्वार प्रणाली कायम गर्ने ।

८. महिला उद्यमीहरूका लागि स्टार्टअप अनुदानको व्यवस्थाका लागि संघीय तथा प्रदेश सरकारहरूसँग माग गर्ने । सबै प्रदेशमा स्टार्टअप इन्कुबेसन केन्द्र स्थापना गर्न केन्द्र र प्रदेश सरकारसँग सहकार्य गर्नुका साथै वित्तीय संस्थाहरूसँग पनि महिला उद्यमीहरूको लागि सहुलियतपूर्ण स्टार्टअप ऋणका लागि संवाद गर्ने ।

९. सन् २०२६ मा नेपाल अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुन गैरहेको सन्दर्भमा महिला उद्यशिलतामा पर्न सक्ने प्रभाव न्युनिकरणका लागि विशेष पहल आवश्यक भएको सन्दर्भमा महिलाको उद्यमशीलता र रोजगारीमा पर्ने नकारात्मक प्रभाव कम गर्न अध्ययन अनुसन्धान, रणनीति तयार पार्नुका साथै विशेष कार्यक्रम घोषणा गर्न सरकारसँग पैरवी गर्ने। साथै दिगो विकास लक्ष्य हासिल गर्न महिलाहरूलाई समेटनु पर्ने विषयमा सम्बन्धित निकायहरूमा पहल गर्ने ।

१०. लघु, घरेलु, साना एवं मझौला उद्यमका उत्पादनको बजारीकरणका लागि आवश्यक नीतिगत सुधारका लागि महासंघले सरकारसँग निरन्तर पहल पैरवी गर्ने । बजारीकरणका लागि डिजिटल प्रविधिको थप प्रयोग गर्दै स्मार्ट उद्यमी बन्न महिलाहरूलाई विभिन्न कार्यक्रमका लागि पहल गर्ने ।

## नेपाल उद्योग वाणिज्य महासंघ महिला उद्यमी विकास समितिका सदस्य




## सम्मेलनका केही झलक








